# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क २४ पूर्णाङ्क ७३ | २०७४ पुस ३ गते सोमबार | Monday, December 18, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## चुनावी समीक्षा बैठक सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंले चुनावी समीक्षा बैठक सम्पन्न गरेको छ । निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा क्रान्तिकारी माओवादी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौंले ४ नं. निर्वाचन क्षेत्रबाहेक सबै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको थियो । संसदीय व्यवस्थाको भण्डाफोर र क्रान्तिको लागि जनआधार तयार पार्ने उद्देश्यलाई केन्द्रमा राखेर गरिएको निर्वाचन उद्देश्यनुरूप मूलतः सफल भएपनि पार्टी तथा मोर्चाका कमिटिहरू पूर्ण रूपमा परिचालन हुन नसक्नु, चरम आर्थिक अभाव हुनु, पार्टी प्रकाशनलाई पनि व्यवस्थित र प्रभावकारी रूपमा परिचालन गर्न नसक्नुलगायतका सीमा देखिएको बैठकमा उपस्थित उम्मेदवार तथा निर्वाचन परिचालन समितिका संयोजकहरूले भनाइ राखेका थिए । प्रत्यक्ष र समानुपातिक तर्फ आएको मत कम भएपनि यो मत गुणात्मक भएकोले कम आँक्न नहुने र यो मतलाई संगठित गरी जनसम्बन्ध अझ सुदृढ पार्नुपर्ने नेताहरूले धारणा राखेको बैठकमा सहभागी एक नेताले बताए । बैठकमा पार्टी तथा मोर्चाका नेताहरूको उपस्थिति रहेको थियो । बैठक शनिबार पार्टी कार्यालय कुपण्डोलमा सम्पन्न भएको थियो ।

# ‘कालोधन र डनले जितेको चुनाव’

● वर्गदृष्टि संवाददाता

काठमाडौं । सम्पन्न निर्वाचनमा कालोधन र डनले जितेको जनताले हारेको टिप्पणी राजनीतिक बजारमा हुन थालेको छ । संसदवादी पार्टीका उम्मेदवारहरूले साम, दाम, दण्ड, भेद, छलछाम, षड्यन्त्र लगायत सबै अस्त्रको प्रयोग गरी निर्वाचन परिणामलाई आफ्नो पक्षमा पारेको संसदवादी पार्टीभित्रकै नेताहरूले भन्न थालेका छन् । चुनावी परिणाम हेर्दा नवधनाढ्य, दलाल सम्भ्रान्त वर्ग, डन, तस्कर, माफिया, ठेकेदारहरूले समेत पैसाकै बलमा चुनाव जितेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले हालै सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा कालोधनको खोलो बगाएर जनताको मतलाई पैसाले किन्ने काम सर्बत्र भएको पाइएको दावी गरेका छन् ।

निर्वाचन सम्पन्न भएलगत्तै जारी गरेको वक्तव्यमा जनतालाई भुक्याउने, ठग्ने, घेरावन्दी गर्ने, अपहरण गर्ने जस्ता काम पर्याप्त मात्रामा भएको उल्लेख गर्दै यो मत परिणामलाई जनताले स्वच्छ किसिमले व्यक्त गरेको मतका रूपमा ग्रहण गर्न सक्ने स्थिति नभएको ठहर पनि बताइएको छ ।

वक्तव्यमा भनिएको छ, ‘नेपालको इतिहासमा लामो कालखण्डदेखि शासन गर्दै आएको नपाली काँग्रेस र यसको नेतृत्वको गठवन्धनलाई प्रतिकृयावादी शक्तिका रूपमा



मतदाताले पहिचान गर्न सफल भएको पाइयो । त्यो राम्रो पक्ष हो । तर झण्डै त्यही किसिमको कथित वामपन्थी गठवन्धनको जन बिरोधी र प्रतिकृयावादी चरित्रलाई मतदाताले ठिकसँग बुझ्न नसकेको पाइयो । जसका कारण मतदाताले सही पक्षमा मतदान गर्न सकेनन् । त्यो नराम्रो पक्ष हो ।’

वक्तव्यमा अगाडि भनिएको छ, ‘ठूलो क्रान्तिकारी आन्दोलनप्रति विश्वासघात पश्चात् भएको प्रतिक्रान्तिका कारण जनतामा पैदा भएको निराशा र क्रान्तिकारीहरूका लागि अत्यन्त प्रतिकुल परिस्थितिमा पनि विभिन्न प्रकारका धम्की, प्रलोभन आदिको सामना गर्दै ने.क.पा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चाका प्रत्यासी उम्मेदवारहरूको पक्षमा मतदान गर्ने आदरणीय मतदातालाई हार्दिक धन्यवाद ज्ञापन गर्दै वहाँहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं ।”

निर्वाचनको परिणाम जस्तोसुकै आएको भए पनि मोर्चा सँधै नेपाली समाजको आमुल परिवर्तन गर्ने नेपाली जनताको चाहना र ऐतिहासिक आवश्यकतालाई पुरा गर्ने तथा राष्ट्रिय स्वाधिनताका पक्षमा दृढतापूर्वक उभिईरहने प्रतिवद्धता वक्तव्यमा गरिएको छ ।

यो निर्वाचनमा उम्मेद्वार, दल, सरकार र दाताको समेत गरी आधा खर्ब (रु.५० अर्ब) भन्दा बढी खर्च भएको सोझो हिसाब निस्कन्छ । यसमा अदृश्य रूपमा खर्च भएको रकमको कुनै लेखाजोखा छैन ।

मनोनयनकै दिन लाखौं खर्च गरेका उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसारका लागि दिनहुँ दर्जनौं महँगा गाडीहरू गुडाइरहे । तामझाम र भोजभतेर उस्तै थियो । दृश्य-अदृश्य खर्च आकाशिंदा सम्पन्न निर्वाचन अहिलेसम्मकै महँगो निर्वाचन भएको सर्वत्र चर्चा छ ।

निर्वाचनमा दृश्य-अदृश्य रूपमा गरिएको खर्चले लोकतन्त्रको मर्ममा प्रहार गरेको अर्थशास्त्री केशव आचार्य बताउँछन् । यसले रूपैयाँ नहुनेलाई राजनीतिबाट विस्थापित गरेर वैध-अवैध धनको खोलो बगाउन सक्ने धनाढ्य र नवधनाढ्यको वर्चस्व स्थापित गरेको अर्थशास्त्री आचार्यको विश्लेषण छ ।

एमालेका उपाध्यक्ष समेत रहेका युवराज ज्ञवाली भन्छन्, ‘हाम्रो राजनीति करोडौं खर्चेर चुनाव जित्ने अनि राज्यका स्रोतसाधन दुरूपयोगबाट व्याजसहित उठाउने दुष्चक्रमा फँसिसकेको छ ।’

निर्वाचन आयोगले प्रतिनिधिसभाका उम्मेदवारलाई तोकेको रु.२५ लाख र प्रदेश सभाका प्रत्यक्षतर्फका उम्मेदवारलाई रु.१५ लाखको खर्चको सीमालाई आधार मान्दा पनि प्रतिनिधिसभाका कुल १ हजार ९४५ उम्मेदवारले गरेको वैधानिक खर्च रकम रु.४ अर्ब ८६ करोड हुन्छ । त्यस्तै, प्रदेश सभाका ३ हजार २३९ उम्मेदवारले गरेको खर्च सीमाको कुल रकम जोड्दा रु.४ अर्ब ८५ करोड हुन्छ । तर प्रदेश र प्रतिनिधिसभाका उम्मेदवारहरूले करोडभन्दा माथि खर्च गरेको उनीहरूको तडकभडकले प्रष्ट पारिसकेको छ ।

स्थानीय तह निर्वाचनमा वडा अध्यक्षका उम्मेदवारहरूले समेत रु.१०-१५ लाखभन्दा बढी खर्च गरेको अनौपचारिक कुराकानीहरूमा आउने गरेका छन् भने गाउँपालिका र नगरपालिका प्रमुखले गरेको त हिसाबै छैन । यसरी गरिएका खर्चको कुनै स्रोत उल्लेख छैन । बैंक तथा वित्तीय क्षेत्रका अनुसार अनुमान गरेभन्दा धेरै कम रकम मात्र बैंक स्रोतबाट चुनावी खर्चका लागि प्रयोग भएको छ । धेरै जसो रकम कालोधन प्रयोग गरिएको पनि उनीहरूको ठहर छ ।

एक जना अर्थविद् हिसाब गर्छन्, र भन्छन् “प्रतिनिधिसभाका १६५ क्षेत्रका ३३० र त्रिपक्षीय प्रतिस्पर्धा हुने मधेशसहितका स्थानको संख्या जोड्दा करीब ४०० मुख्य प्रत्यासीले जनही रु.१ करोड ५० लाखको दरले खर्च गर्दा उनीहरूले रु.६ अर्ब सकेका छन् । बाँकी १ हजार ५४५ प्रतिस्पर्धीले औसत रु.२५ ...बाँकी ८ पेजमा

## प्रत्यक्ष र समानुपातिक तर्फको गणना सम्पन्न

काठमाडौं । प्रत्यक्ष र समानुपातिक तर्फको निर्वाचन परिणामको गणना सम्पन्न भएको छ । निर्वाचन परिणाम अनुसार प्रत्यक्षतर्फ ८० र समानुपातिक तर्फ ४१ सिट प्राप्त गरी १२१ सिट ल्याएर एमाले सबैभन्दा ठूलो दल बनेको छ भने कांग्रेसले प्रत्यक्षतर्फ २३ र समानुपातिक तर्फ ४० सिट प्राप्त गरी ६३ सिट ल्याएर कांग्रेस दोस्रो, माओवादी केन्द्र प्रत्यक्षतर्फ ३६ र समानुपातिक तर्फ १७ सिट प्राप्त गरी ५३ सिटसहित तेस्रो, प्रत्यक्षतर्फ ११ र समानुपातिक तर्फ ६ सिट गरी १७ सिटका साथ राजपा चौथो र प्रत्यक्षतफए १० र समानुपातिक तर्फ ६ गरी १६ सिटका साथ संघीय समाजवादी फोरम पाँचौ पार्टी भएका छन् ।

संसदवादी पार्टीहरूले बनाएको निर्वाचन कानुन र थ्रेस होल्डको मापदण्डअनुसार यी पाँच पार्टी मात्र राष्ट्रिय पार्टी बनेका छन् । कुल सदर मतको ३ प्रतिशत अर्थात २ दाख ८६ हजार ३४२ मत नपाएका दलहरूले समानुपातिक सिट पाएनन् ।

राप्रपा, नयाँ शक्ति, राष्ट्रिय जनमोर्चा र नेमकिपाले प्रत्यक्षतर्फ एक एक सिट जितेका छन् । एक स्वतन्त्र सांसद पनि छन् । उनीहरूको स्वतन्त्र सांसदको रूपमा संसदमा सहभागी हुनेछन् ।

यसैबीच, अब बन्ने नयाँ सरकारमा १५ वटामात्रै मन्त्रालयहरू रहने भएको छ । संविधानअनुसार सरकारमा २५ मन्त्रीहरू रहन पाउने ...बाँकी ८ पेजमा

## प्रदेशहरूमा देजमोको समीक्षा बैठक सम्पन्न हुँदै



● वर्गदृष्टि संवाददाता

काठमाडौं । देशभर समानुपातिक मत गणना सकिने प्रक्रियासँगै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको प्रदेश समितिहरूको चुनावी समीक्षा वैठक पनि सम्पन्न हुँदै गरेको खबर वर्गदृष्टि साप्ताहिकलाई प्राप्त भएको छ । संसदीय चुनावलाई उपयोग गरी सशक्त जनाधार निर्माण गर्न देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले संघीय तथा प्रदेश दुवै सभाहरूको निर्वाचनमा आफ्ना उम्मेदवारहरू उठाई चुनावमा भाग लिएको हो ।

चुनावपछि बसेको समीक्षा वैठकहरूमा प्रदेश नं. ४ को वैठक कास्की पोखरास्थित प्रदेश कार्यालयमा संयोजक केशबहादुर परियारको अध्यक्षताको सम्पन्न भएको छ । वैठकमा भर्खरै सम्पन्न भएको प्रतिनिधि तथा प्रदेश सभाको ...बाँकी ७ पेजमा

## ‘एमाले-कांग्रेस-माके राजनीतिक व्यापारी’



काठमाडौं । वरिष्ठ वामपन्थी साहित्यकार खगेन्द्र संग्रौलाले संसदीय राजनीतिमा कांग्रेस, एमाले र माओवादी केन्द्रलाई राजनीतिक व्यापारी भएको बताएका छन् ।

उनीहरू सामन्तवादी संस्कृतिमा लिप्त र पुँजीवादमा चुर्लुम्ब डुबेको भन्दै यी व्यापारी पार्टीबाट नेपाली जनताले केही पनि नपाउने धारणा उनले सामाजिक सञ्जालमार्फत् व्यक्त गर्दै आएका छन् ।

संग्रौलाले आफ्नो फेसबुक पेजमा लेखेका छन्, “द्ल्याके राजनीतिक दलहरूको चिन्तन, संस्कृति, संस्कार र संरचनामा सामन्तवादको अवशेष र भतुवा पूँजीवादकै बिगबिगी छ, तैपनि नेपाल अब “समाजवादी अर्थतन्त्रको दिशामा” लाग्यो भनेर राजनीतिका छटेल जोतिषीहरूले अकिञ्चन राष्ट्रपतिका मुखबाट बकाउन भ्याइसके । यी झूटका बेपारीहरूसँग नसकिने भो मान्यवर !”

एमाले र माकेको वास्तविक चरित्रको पर्दाफास गर्दै संग्रौला लेख्छन्, “सेतो सूर्य” बलिउडे याक्सन नाउँको गुण्डागर्दी र मनोरञ्जन नाउँको कुरूप नखराहित सानो स्पेसमा विराट कथायुक्त फिल्म । जनयुध्दका कर्ताहरू आफ्नै आदर्शबाट भागेर त्यागीबाट भोगी, आत्मबलिदानीबाट विलासीमा पतीत भएको बीभत्स यथार्थको निर्मम चित्रण । नपत्याए हेर्न गइहालूँ है सोल्टीज्यू!”

## ‘वामलाई इण्डियाले जिताएको हो’

काठमाडौं । नेपाल मामिलाका जानकार मानिएका भारतीय प्रोफेसर एसडी मुनीले एउटा लेख लेखेर नेपालमा वामपन्थीहरूलाई जिताउन भारतले योगदान गरेको दावी गरेका छन् । उनले अब भारतले वाम गठबन्धनलाई फुटाउन खोज्यो भने त्यो भारतका लागि आत्मघाती कदम हुने पनि विश्लेषण गरेका छन् । प्रोफेसर मुनीले ‘द वायर’ नामक पत्रिकामा लेखेका छन्, “ राजतन्त्र रहँदा नेपालमा राजनीतिक स्थायित्व र शान्ति थियो, तर विकास थिएन । १९९० को दशकदेखि माओवादी जनयुद्ध सुरु भयो र देश अशान्त भयो । माओवादी शान्ति प्रक्रियामा आएर राजतन्त्र फालिएपश्चात पनि देशमा राजनीतिक स्थिरता आएन ।



संविधान निर्माणपछि राजनीतिक स्थिरताको अपेक्षामा रहेका नेपाली जनताले अहिले त्यसैको आशमा वामपन्थी गठवन्धनलाई भोट दिएका हुन् ।

. . . व ा म ...बाँकी ८ पेजमा

## भारतीय माओवादी नेता कोबोध पुनः पक्राउ

एजेन्सी । भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का नेता कमरेड कोबाध गान्धी ८ वर्षपछि जमानतमा रिहा भएको केही दिनमै पुनः पक्राउ गरिएको छ । उनलाई झारखण्डको पुलिसले जमानतमा रिहा भएको तीनदिनपछि पुनः शनिबार पक्राउ गरेको द नेक्स फ्रन्टमा खबर छ । जमानतमा रिहा भएपछि भारतीय माध्यमहरूसित कुराकानी गर्दै ‘सरकारले कुने पनि बेला कुनै पनि बहानामा पुनः पक्राउ गर्नसक्ने कुराप्रति आफू प्रस्ट रहेको र तत्काल आफू स्वास्थ्योपचार र घरपरिवारसित भेटघाट कार्यक्रममा लाग्ने’ कोबाधले भनेका थिए ।

अहिले पनि भारतीय कम्युनिस्ट पार्टी (माओवादी) सम्बद्ध तल्लो तहका १४ हजारभन्दा बढी कार्यकर्ताहरू जेलमा छन् र यिनमा पोलिटब्युरो सदस्यसमेत रहेका जनमेल डटकमले समाचार लेखेको छ । त्यति मात्र नभएर दिल्ली विश्वविद्यालयका प्राध्यापक



जि.एन. साइबाबालगायत विद्यार्थी नेता र मानवअधिकार कर्मीहरूसमेतलाई माओवादीको आरोपमा भारतीय प्रतिक्रियावादी शासकले आजीवन कारावासको सजाय तोकेको छ ।

२० वटा राज्यहरू बढी प्रभावित भन्दै सरकारले भारतीय कम्युनिस्ट पार्टीलाई भारतको सबैभन्दा बढी सुरक्षा चुनौतीका रूपमा लिएर सन् २००९ देखि माओवादी दबाउन ‘ ...बाँकी ८ पेजमा

# निर्वाचनको परिणाम र क्रान्तिकारी विकल्प

**दलहरूको स्थिति**

हालै भएको प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा जुन परिणाम आयो, त्यसले स्वभाविकरूपमा यतिखेरको नेपालको राजनीतिलाई तरंगित गरेको छ । निर्वाचन हुन दुई तीन महिना बाँकि रहँदासम्म पनि पार्टीगत सिटका हिसाबले यो निर्वाचनमा यस प्रकारको परिणाम आउला भनेर कसैले अपेक्षा गरेको थिएन होला । तर, सदाको लागि स्थायित्व कायम गराउने, नेपालको आर्थिक विकास चीन, युरोप, जापानको स्तरमा पुर्‍याइहाल्ने जस्ता सामान्य मानिसलाई लोभ्याउने र एउटै पार्टी बनाउने दाबीका साथ नेकपा (एमाले) र नेकपा (माके)का बीचमा जुन चुनावी गठबन्धन भयो, त्यसले चुनावी वातावरणमा केही फेरबदल ल्याउन सफल भएको पाइयो । नेपाली कांग्रेसप्रति मतदाताहरूको वितृष्णाले पनि यो परिस्थितिलाई मलजल गरेको देखिन्छ । आखिर यो गठबन्धनले किन चुनाव जित्यो र नेका र यसको गठबन्धन पराजित भयो भन्ने विषयमा छुट्टै लामो विश्लेषणको आवश्यकता छ । यो सानो लेखमा त्यो संभव छैन । जे भएपनि ०७० सालमा सबैभन्दा ठूलो पार्टी रहेको नेपाली कांग्रेस नराम्रोसँग पराजित भयो । दोस्रो ठुलो पार्टीका रूपमा रहेको एमाले निकै ठुलो अन्तरका साथ पहिलो पार्टी बन्न पुगेको छ । संसदीय भासमा नराम्रो सँग भासिएको माओवादी केन्द्र आफ्नो पार्टीको शक्ति र जनसमर्थन गुमेपछि अस्तित्व धान्नका लागि स्थानीय तहको निर्वाचनमा नेकासँग गठबन्धन गर्न पुगेको थियो भने माके अहिलेको निर्वाचनमा एमालेको पुच्छर समात्न पुगेको कुरा त जग जाहेर नै छ । नेकासँगको सम्बन्ध विच्छेद् र एमालेसँगको नयाँ सम्बन्धबाट माकेलाई राम्रै फाइदा भएको देखिन्छ । नयाँ संविधान बनिसकेपछि र त्यसलाई लागु गरेपछि के के न भैहाल्छ भनेर उफ्रिँदै चुनावमा गएका नयाँ शक्ति, राप्रपाहरू, माले, जनमोर्चा जस्ता संगठनका नेताहरू थ्रेस होल्ड कटाउन नसकेर “राष्ट्रिय पार्टी”को मान्यता पाउन नसकेर निरास भएको देखिन्छ । यो निर्वाचन नहुँदा त कमसेकम बेलाबखतमा मन्त्रिमण्डलमा स्थान त सुरक्षित हुने गर्दथ्यो, ठूला पार्टीहरूको पछि लाग्दा । अब त त्यसको संभावना झण्डै समाप्त भएको देख्दा उनीहरू जिल्लाराम परिरहेको अवस्था देखिन्छ । जहाँसम्म नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रश्न छ, यसलाई भने यो चुनावी परिणामले खासै छुन सकेको ...बाँकी ७ पेजमा

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रश्न छ, यसलाई भने यो चुनावी परिणामले खासै छुन सकेको छैन । मोर्चाले जित्नका लागि विचार, राजनीति र आफ्नो प्रतिबद्धतामा कहिँ कतै सम्झौता नगरेको कुरा जग जाहेर छ ।



● सीपी गजुरेल ●

## सम्पादकीय

# चुनावी समीक्षा

संसदीय व्यवस्थान्तर्गतको तीन तहको निर्वाचन सम्पन्न भएको छ । स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा सत्ता, शक्ति, पैसा, छलछाम, षड्यन्त्र र भ्रमको खेती जसले बढी गर्‍यो, चुनावी परिणाम उसको पक्षमा देखिएको छ । भ्रष्टाचारी, तस्कर, ठेकदार, गुण्डा नाइके, दलाल, नवढनाढ्य र सम्भ्रान्त वर्गले जितेको यो चुनावमा जनताले आफैमाथि आफ्नै मतले अन्याय गरे भन्ने विश्लेषण पनि राजनीतिक वृतमा चर्चा छ । झण्डै पचास अर्बभन्दा बढी खर्चेर सम्पन्न गरिएको यो चुनावले संसदवादी पार्टी र नेताहरूले भनेजस्तो देशमा आर्थिक समृद्धि र दीर्घकालीन शान्ति होइन, अझ भयावह महंगी, कालोबजारी, बेरोजगारी, अनियमितता, भ्रष्टाचारलगायतका जनविरोधी र राष्ट्रविरोधी गतिविधि बढेर जाने र मुलुकमा जनताको आक्रोश र विद्रोहको स्वरलाई अझ मलजल गर्ने निश्चित जस्तै देखिन्छ ।

विदेशी शक्तिकेन्द्र, दलाल पुँजीपतिवर्ग, व्यापारी, भ्रष्टाचारी, तस्कर तथा माफियाहरूले दिएको पैसा खर्चेर चुनाव जितेका संसदवादी पार्टीका उम्मेदवारहरू प्रथमतः उनीहरूप्रति नै उत्तरदायी हुन्छन् र उनीहरूकै स्वार्थ र सर्त अनुसारको कामलाई पूरा गर्न तल्लिन हुन्छन् । पदमा आसिन छउन्जेल आफ्नो, परिवारको र आफन्तको स्वार्थमा पदको दुरूपयोगभन्दा पर गएर उनीहरूबाट देश र जनताले अपेक्षा गरेनुसारको काम हुने देखिन्न । धन र डनले जितेको चुनावबाट जनताले समृद्धि र शान्तिको आशा गर्ने ठाउँ छैन, त्यो हुँदा पनि हुँदैन र गर्दा पनि गर्दैनन् । यसर्थमा चुनावी परीक्षामा जनताले जे जस्ता पार्टी र व्यक्तिलाई नीति निर्माण र शासन सञ्चालनको ठाउँमा पुर्‍याउन आफ्नो अमूल्य मत दिएका छन्, त्यसबाट पछुतो मान्नुपर्ने स्थिति आउन धेरै दिनु कुर्नुपर्ने देखिन्न ।

चुनावी परिणामले स्पष्ट रूपमा दिशाबोध गरेको छ- जनता राष्ट्रिय स्वाधीनता चाहन्छन्, कम्युनिष्ट शासन व्यवस्था चाहन्छन् र आर्थिक समृद्धि तथा दीर्घकालीन शान्ति चाहन्छन् । एमाले र माकेलाई कम्युनिष्ट देख्नु, राष्ट्रवादी ठान्नु र उनीहरूबाट शान्ति र समृद्धि कामय हुन्छ भन्ने ठान्नु जनतामा परेको निकै ठूलो भ्रम हो । नक्कली कम्युनिष्ट र नक्कली राष्ट्रवादीलाई जनताले सक्किली ठानेर भोट दिए । त्यसकारण उनीहरूबाट जनताले गरेको अपेक्षा पुरा हुने कुनै सम्भावना देखिन्न । पार्टी कार्यक्रम तथा चुनावी प्रतिबद्धता हेर्ने हो भने लोकतान्त्रिक र वाम भन्नेहरूमा केही फरक समेत छैन । यसर्थ, ढिलो चाँडो जनता क्रान्तिकारी विकल्पमा गोलबन्द हुँदै जाने देखिन्छ ।

नेपाली राजनीतिको क्रान्तिकारी धारको नेतृत्व गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले आफू समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चामार्फत् तीन वटै तहको निर्वाचनको क्रान्तिकारी उपयोग गर्‍यो । यी तीनवटै तहमा संसदवादीहरूले लादेको चौतर्फी सिण्डिकेट, कमजोर सांगठानिक अवस्था र जटिल आर्थिक प्रतिकूलताका बीच देजमोले प्राप्त गरेको मतको गुणात्मकतालाई हेर्दा त्यो मत थोरै भएपनि त्यसलाई कम आँक्न मिल्दैन । दक्षिणपन्थी अवसरवादी र वामको हावाहुरीबाट प्रभावित नभएको त्यो मतलाई संगठित गरेर सुदृढ र विस्तारको योजनासहित अगाडि बढ्ने हो भने क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन त्यही शक्ति काफी हुन्छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको वस्तुनिष्ठ समाधानका लागि नयाँ जनवादी क्रान्तिको अपरिहार्यतालाई बोध गर्दै क्रान्तिकारी माओवादी नयाँ जनवादी क्रान्तिको तयारीमा जुटेको छ । यही तयारीकै लागि उसले मोर्चा मार्फत् निर्वाचनको उपयोग पनि गरेको हो । निर्वाचनको उपयोग मार्फत् संसदवादी पार्टीहरूको जनतामा भण्डाफोर गर्न, जनतामा रहेका कतिपय भ्रमहरू चिर्न, जनआधार तथा जनसम्बन्ध सुदृढ गर्न मोर्चा सफल भएको छ । निर्वाचनमा मोर्चाले प्राप्त गरेको मतलाई संगठित गर्न, त्यसलाई सुदृढ र विस्तार गरेर अगाडि बढ्न जरुरी छ । संसदवादीहरू आफ्नै कारणले र संसदीय व्यवस्थाको जनविरोधी तथा राष्ट्रविरोधी चरित्रका कारण जनतामा नांगिदै जाने र जनतामा यो व्यवस्थाप्रति वितृष्णा बढ्दै जान समय लाग्ने छैन । जनतामा व्यापक संगठनको सञ्जाल निर्माण गरेर जनताको व्यवस्थाप्रतिको असन्तोषलाई संगठित गर्दै क्रान्तिकारी पंक्तिलाई क्रान्तिका लागि आवश्यक पर्ने सबै हतियारले सुसज्जित पार्दै अगाडि बढ्नु पर्दछ । क्रान्तिको भविष्य उज्वल छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# निर्वाचन परिणामले क्रान्तिकारीहरूलाई दिएको सन्देश


● रामसिंह श्रीस ●

२०७४ साल मंसिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणाम सार्वजनिक भएको छ । परिणामले सत्तारुढ दल नेपाली कांग्रेसको नराम्रो पराजय भएको छ भने कथित वाम गठबन्धनको करिब दुईतिहाई बहुमत आएको छ । थ्रेसहोल्डले गर्दा अब संसद्मा दलको रूपमा ५ दलको मात्र प्रतिनिधित्व हुनेछ । निर्वाचनमा भाग लिएका थुप्रै राजनीतिक दलहरूको संसदमा प्रतिनिधित्व हुन सक्ने छैन । यो निर्वाचनको बहिष्कार गरेको राजनीतिक दलको पक्षमा पनि सशक्त जनलहर देखिएन । बम बिस्फोटनका घटना बाहेक जनता सडकमा निस्केर बहिष्कार कार्यक्रमलाई अगाडि बढाउन सकेनन् । यहाँ यिनै विषयहरूमा संक्षेपमा चर्चा गरिएको छ ।

यो मत परिणामबाट के कुरा प्रष्ट भयो भने जनता नेपाली कांग्रेसदेखि रुष्ट भएका रहेछन् । किनभने सत्तामा रहेर साम, दाम, दण्ड, भेद सबै कुरा अपनाउँदा पनि नेपाली कांग्रेसले निर्वाचनमा बहुमत ल्याउन सकेन । प्रत्यक्ष निर्वाचनतर्फ उसको हार अत्यन्तै लज्जास्पद भयो । नेकाको विकल्पमा जनताले कथित वाम गठबन्धन त्यसमा पनि मुख्यतः एमालेलाई रोजेको निर्वाचन परिणामले देखायो । यस्तो हुनुमा कथित वाम गठबन्धन एवं एमालेप्रति अझै जनतामा भ्रम रहेको कुरा नै हो । आम सर्वसाधारण जनतालाई कथित वाम गठबन्धन (जसलाई कम्युनिष्ट पार्टीहरू पनि भनिन्छ)ले देश जनताको लागि केही गरी हाल्छन् कि भन्ने झिनो आशा गरिरहेका छन् । त्यसैको आधारमा कथित वाम गठबन्धन मुख्यतः एमालेलाई जनताको मत गएको हो ।

एमालेले बढि सिट जित्नुको पछाडि अर्को कारण उनीहरूको संगठनात्मक अवस्था अरुको तुलनामा सुदृढ छ । त्यति मात्र होइन यो संसदीय चुनावमा पैसाले ठूलो भूमिका खेल्छ । एमालेले पनि त्यो कुराग (पैसा खर्च गर्ने कुरा)मा कुनै कमी राखेको छैन । संसदीय चुनावमा व्यक्त मतलाई निष्पक्ष जनमत भन्न सकिदैन । किनकि पैसा, डर, धाक, सत्ता, धाँधली आदि कुराहरूले यथेष्ट प्रभाव पारेको हुन्छ । चुनावको बेलामा भोजभतेर गरेको, ठाउँठाउँमा पैसा कपडा वितरण गरेको जुन समाचारहरू प्रकाशित भए त्यसले त्यही कुरा बताउँछ ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चाले पनि यो निर्वाचनलाई उपयोग गर्ने नीति लिएको थियो र निर्वाचनमा उम्मेदवारहरू उठाएको थियो । देजमो नेपालले निर्वाचनमा संसदीय व्यवस्थाको भण्डाफोर र क्रान्तिको तयारी गर्ने कुरालाई मुख्य जोड दिएको थियो । देजमो नेपालले अहिलेको संसदीय व्यवस्था प्रतिक्रियावादी व्यवस्था हो । अहिलेको संविधान प्रतिक्रियावादी संविधान हो र अहिले नेपालको राज्यसत्ता दलाल, नोकरशाही र सामन्तवर्गको हातमा छ भन्ने कुरालाई जनताको बीचमा लैजाने प्रयास गर्‍यो । यो संसदीय व्यवस्था प्रतिक्रियावादी व्यवस्था भएको हुनाले यो व्यवस्था अन्तरगत हुने चुनावबाट जुनसुकै दल वा व्यक्ति निर्वाचित भएर सरकारमा गए पनि आम श्रमिक जनताको आधारभूत समस्याहरू समाधान हुन सक्दैन, व्यक्ति र पार्टीको विकल्प खोज्ने भन्दा पनि व्यवस्थाको विकल्प नै खोज्नु पर्दछ र संसदीय व्यवस्था होइन जनवादी व्यवस्था प्राप्त गर्नको लागि क्रान्तिको तयारी गर्नु पर्दछ भन्ने अवधारणा देजमो नेपालले जनताको बीचमा लग्यो । उसले आफ्नो चुनावी घोषणापत्रमा अन्य पार्टीहरूले जस्तो विकास र समृद्धिको मात्र कुरा नगरेर विकास निर्माणका साथै प्रतिक्रियावादी संसदीय व्यवस्थाको भण्डाफोर र नयाँ जनवादी क्रान्तिको लागि आधार तयार पार्ने कुरामा मुख्य जोड दिएको छ ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको पक्षमा उल्लेखनीय जनमत आएन । त्यो अवस्थामा प्रतिक्रियावादी तथा संशोधनवादीहरूले नेपाली जनताले अब क्रान्ति र परिवर्तन होइन, सुधार र विकास चाहेका छन् भन्ने तर्कहरू पनि गर्न थालेका छन् । तर यो तर्क सही होइन । यसको वास्तविक तथ्य र कारणहरू फरक छन् । क्रान्तिकारीहरूको लागि संसदीय व्यवस्था बेकम्मा भएपनि जनताको दृष्टिकोणमा त्यो हुन सकिरहेको छैन । आम शोषित, पीडित नेपाली जनताले अझैपनि संसदीय व्यवस्थाको चरित्रलाई बुझि सकेका छैनन् । प्रतिक्रियावादी र अवसरवादी शक्तिहरूले यो व्यवस्था, यो संविधान सही छ खाली राम्रा पार्टी र व्यक्तिले चुनाव जितेर सरकारमा नपुगेका कारणले नेपाली जनताले यो दुख पाइरहेका हुन् भन्ने जुन भ्रम छरिरहेका छन् त्यो भ्रममा अझै पनि नेपाली जनताहरू छन् । त्यसकारणले पनि क्रान्तिद्वारा यो प्रतिक्रियावादी व्यवस्थामा आमूल परिवर्तन चाहने शक्ति देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको पक्षमा उल्लेख मत आउन सकेन । यसको पक्षमा जे जति मतहरू आए त्यो भने क्रान्ति र परिवर्तनको पक्षमा आएको जनमत हो ।

नेपाली आमशोषित पीडित जनतामा यो प्रतिक्रियावादी व्यवस्था र संविधानप्रति जुन प्रकारको भ्रम छ, त्यसलाई चिर्ने काम क्रान्तिकारीहरूको हो । प्रतिक्रियावादी शक्तिहरूले एउटा प्रतिक्रियावादी शक्तिहरूको विकल्पमा अर्को प्रतिक्रियावादी शक्ति निर्माण गर्न प्रयत्न गरिरहेका छन् । त्यो प्रयत्नलाई क्रान्तिकारीहरूले असफल बनाउन सक्नु पर्दछ र प्रतिक्रियावादी शक्तिहरूको विकल्पमा क्रान्तिकारी शक्ति निर्माण गर्नु पर्दछ । तर यो काम अत्यन्तै कठिन र जटिल छ । त्यसकारण कति पनि विचलित नभइकन जनतालाई क्रान्तिकारी चेतना दिन वैचारिक, राजनीतिक र संगठनात्मक काममा क्रान्तिकारीहरू दृढतापूर्वक लाग्नु आजको आवश्यकता हो । यसको लागि क्रान्तिकारी धैर्यताको र निरन्तर क्रियाशीलताको आवश्यकता हुन्छ । यसको लागि निम्न पुँजीवादी प्रवृत्तिको विरुद्ध दृढतापूर्वक संघर्ष गर्न जरुरी छ । किनभने निम्न पुँजीवादी अधैर्यताले दुईवटा गलत दिशातिर लैजाने सम्भावना हुन्छ । एउटा दक्षिणपन्थी अवसरवादी दिशातिर लैजाने खतरा हुन्छ र यो खतरा भनेको अब केही हुन सुधारवादी बाटोमा जानुपर्दछ भन्ने दृष्टिकोण उत्पन्न गराउँछ र त्यसले अन्ततः प्रतिक्रियावादीको ठाउँमा पुर्‍याउँछ । अर्को खतरा भनेको आम शोषित पीडित जनतालाई क्रान्तिकारी चेतनाले तयार पार्न क्रान्तिको तयारी गर्न मेहनत गर्ने भन्दा पनि तुरुन्तै क्रान्तिको लागि होमिने उग्रवामपन्थी गल्तीतिर लैजान्छ । आम शोषित पीडित जनतालाई क्रान्तिकारी चेतले सुसज्जित गर्ने काम भनेको अत्यन्तै कठिन काम हो । त्यसकारण क्रान्तिकारीहरू आफ्नो कमी कमजोरीहरूलाई सच्याउँदै क्रान्तिको तयारीमा निरन्तर लाग्नु पर्दछ । यही नै क्रान्तिकारीहरूको लागि एक मात्र विकल्प हो ।

देजमो नेपालले चुनावमा भाग लिँदा बहुमत ल्याउने सरकारमा जाने भनेको छैन । उसले त चुनावको माध्यमबाट जनतालाई क्रान्तिको आवश्यकताको वोध गराउने, प्रतिक्रियावादी र अवसरवादीहरूले छरेको भ्रमहरूको भण्डाफोर गर्ने र क्रान्तिको तयारी गर्ने उद्देश्यका साथ चुनावमा भाग लिएको थियो । त्यसकारण यसको पक्षमा जे जति जनमत आएका छ, त्यसलाई संगठित गर्दै कत्ति पनि विचलित नभइकन क्रान्तिको तयारीमा लाग्नु पर्दछ । क्रान्तिको तयारीमा लाग्नु भनेको पहिलो काम आम शोषित पीडित जनतालाई क्रान्तिकारी चेतनाले सुसजित पार्नु र लड्नको लागि तयार पार्नु नै हो । त्यो काममा क्रान्तिकारीहरू आजैदेखि गम्भीरतापूर्वक लाग्न जरुरी छ ।

झर्रोटर्री — कैलुब्राह

# सहिदको चिठी

*प्रिय कैलुब्राह जी,*
*रक्तमुछेल सलाम ।*

त्यहाँ तपाइँको गाथगादीमा के कस्तो छ कुन्नी ? हामीलाई त यहाँ बिसन्चै बिसन्चो मात्रै छ । जनयुद्धमा सहिद भएर यता आएदेखि शारीरिक दुःखकष्ट त भेल्नु परेको छैन तर मानसिक बेचैनी भने दिन प्रतिदिन बढेको बढ्यै छ । मनमा कहिल्यै पनि शान्ति सुवेस्था आउँदै आएन । अहँ मरिजाउँ सन्तोषको सास फेरेको कुनै दिन भएन । म जस्ता सबै युद्धका सहिदहरूको हालत एउटै छ । कोही कसैले पनि नेपाल मण्डलको राजनीति देखेर सन्तोष भएका छैनौँ । भोक निद्रा क्यै पनि आएको छैन । बर्षौं भयो भोक र अनिद्राका दिन बित्न थालेको । अब त यी दुईटा कुरा पनि कस्तो हुन्छ भन्ने भैसकेको छ । यताको खबर यस्तै छ । बरु त्यताको खबर के कसो भएको छ लेख्दै गर्नुहोला भन्ने आशा लिएका छौँ । सत्यतथ्य कुरा जस्ताको तस्तै उतार्ने र प्रकाशित गर्ने तपाइँ र तपाइँको पत्रिका र अनलाइन मात्रै छ भन्ने सुन्दा अलिकता भए पनि सत्यको विऊ बचेकै रहेछ भनेर हामी यहाँ सबै सहिद खुसी छौँ । त्यसैले पनि मैले तपाइँलाई सम्भिएर यो पत्र कोर्दै छु । मेरो पत्र पनि छापिदिनु होला भन्ने आशा लिएको छु ।

*प्रिय मित्र,*

अचेल नेपाल मण्डलमा देश र प्रदेशको चुनाउ सकिएको छ रे भन्ने खबर सुनेका छौँ । हाम्रो हेडक्वार्टरले पनि चुनाउ जित्नुभएछ । विचरा लिनप्याओवादी कामरेड त जिल्ल पर्नु भएछ । न देश न प्रदेश, न प्रत्येक्ष न समानुपातिक कतै पनि भाग पुगेनछ । कत्रा डल्ला चपाउन पाम्ला र राष्ट्रिय समाजवाद लागू गरम्ला भनेर वैद्य कामरेडलाई अलपत्र पारेर हेडक्वार्टरका शरणमा पर्नु भएको थियो त्यो पनि काम लागेनछ । कठै विचरा ! कति अभागी पुम्पुरो । सायद राष्ट्रियसभामा लगेर थान्को लाउँछन् कि ?

हेडक्वार्टरका पुत्रश्री कालगतिले मरेछन् भन्ने थाहा पायौँ । कठै विच...रा ! लाम्ला र खाम्ला भन्ने उमेरमा मरेछन् । कति चिन्ता परेहोला विचरा हेडक्वाटरलाई । हामी त गरिबगुरुवाका छोराछोरी न थियौँ हाम्रो बारेमा केको चिन्ता भो र आफ्नै सन्तानको त हुनसम्मको पीर पर्छ नि सबैलाई । हामी नमरिदिएको भए हेडक्वाटर दुईदुई पटक पर्धानमन्त्री बन्न काँ पाउँथे र । अझै उनको एक पटक कार्यकारी राष्ट्पति बन्ने कत्रो धोको छ । आफ्ना टाउकाको मुद्दा फिर्ता गराउन र सके कार्यकारी राष्ट्रपति नभए कार्यकारी पर्धानमन्त्री पाउन पाए समाजवाद आएको घोषणा गर्ने थिए । पाउँदैन कि पाउँदैनन् । उनलाई पनि बेचैनी नै छ । कैले चारतारेसँग मिल्चन र सरकार बनाउँचन्, चुनाउ लड्चन, कैले सूर्यछापसँग मिल्चन र चुनाउ लड्चन् । कैले हडकङ र सिङ्गापुर पुगेर खुफिया भेट्चन्, कैले उत्तर र दक्षिणतिर दूत पठाएर आर्शिवाद थाप्चन्, हैरानी नै छ विचरालाई । जे गर्दा नी सत्ताको उभिन्नो भाँडो कैल्यै भरिएन । सतिदेवीको लास बोकेर भौँतारिएका भोलेनाथ जस्तै कुर्ची बोकेर भौँतारिँदा भौँतारिँदै कार्यकारी नबन्दै लिला सकिने हो कि भन्ने ठूलो पिर छ उनलाई । त्यसैमा कैले पुत्री त कैले पुत्र शोक थपिनु कति अन्याय हो विच...रा । च्वच्वच्व ।

जनवाद ल्याउँचम् भनेर हाम्लाई युद्धमा होमे । हामी बन्तिमा पुतली परेझैँ सेना पुलिससित लडेर मर्‍यौँ । कोही घर, होटेल, अस्पताल, बाटोघाटो, सेल्टरहरूबाट समातियौँ र तत्क्षण मारियौँ, बेपत्ता पारियौँ । अहिले सबै यतै भेला भएका छौँ र आफ्नो मुलुकको अवस्था टुलुटुलु हेरेका छौँ । त्यता हेडक्वाटर कमरेडले जनवाद आयो भनेर घोषणा गरिदिए तर दोस्रो चुनाउमा तेस्रो स्थानमा भरे । राजनीतिका माहिर खेलाडी भएकाले होला अण्डशण्ड गरेर भएपनि पर्धानमन्त्री पड्काई छाडे । भुईँतहको चुनाउले नराम्ररी भस्काइदिएछ र सूर्यछापको पुच्छरले धन्न धन्न बैतरणी तर्न पाएछन् र बल्लतल्ल साख जोगिएछ । नत्र त हरिबिजोगै हुने रैछ नि ।

सूर्यछापसँग एकतै गर्ने भनेर वैतरणी तरेका हेडक्वाटर कामरेड फेरी बेचैनीमा परेका छन् रे भन्ने सुन्चु । के हो कुरा खुलस्त पारेर लेखि पठाउनु होला । उखानप्रसाद र उनका हनुमानहरूले तल माथि सबैतिरको सर्खार बनाएर मात्रै एकता गर्ने हो भन्चन् रे । हुन त एकता गरे पनि मुलुक र बाँचेका मनुखेहरूका बारेमा क्यै गर्ने हैनन् क्यारे । आफ्नै दुनो सोफ्याउने त हुन् । अझ हाम्रा लागि त पैको कुरा भयो । हामी सोफा सिधाहरू त मर्नु थियो, मरिदियौँ । जनयुद्धका मुद्दा लागेकाहरू पनि धमाधम मुद्दामा जेल पर्दैछन् रे । हेडक्वाटरलाई त आफ्नो टाउको जोगाउन पाए पुगिहाल्य । उखानप्रसादले अचेल जनयुद्ध सैद्धान्तिक गल्ती थियो, राजा हट्नु र गणतन्त्र आउनुमा जनयुद्धको कुनै साइनो सम्बन्ध छैन भन्न थालेछन् । हाम्रा हेडक्वाटरको दर्शन भनेको लम्पसारवाद हो क्यारे । उनले जबज सर्लक्कै स्वीकार गरेछन् उता उखानेले जनयुद्धलाई अपराधीकरण गर्दैछन् । अब हुने एकता बाम पनि होइन र कम्युनिस्ट पनि हुँदैन भनेछन् । कुरो त ठिकै हो । हेडक्वाटर, सत्तामा रमाएका र सुँगुरको खोरमा पसेर सुँगुरमै परिणत भएका नेताहरूलाई त त्यो कुरा मनासिब होला तर भुइँ तहका अलपत्रे कार्यकर्ताहरूले यो कुरो कसरी स्वीकार्ने होलान् खै । एकजना फ्रेन्चकट डेपुटीले त यो बाम एकताको कोरियोग्राफर मै हुँ भनेछन् । कोरियोग्राफ त डान्समा हुन्छ क्यारे उनको यो नङ्ग्या नाचले डिएनडि प्रथम हुने हो कि होइन कुन्नी ? आगे ज्युँदा मनुखेले जानुन् । बाँकी आगामी पत्रमा लेख्दै गरम्ला ।

*उही तपाइँको युद्धकालिन सहयोद्धा*
*क. विफोट*
*२८ मङ्सिर २०७४*

kailubraha73@gmail.com



अहिले वाम गठबन्धन तथा संघीय व्यवस्थाका पक्षधर पार्टीहरूले आर्थिक समृद्धि र विकासको जनतामा भ्रम दिइरहेको छन् । नेपालको प्राकृतिक स्रोत साधन तथा मानवीय श्रम शक्ति विदेशीलाई सुम्पेर कसरी मुलुकको समृद्धि हुन सक्छ ? सप्तकोशी, गण्डकी, महाकाली, अप्पर कर्णाली, अरूण तेस्रो जस्ता जलविद्युत् आयोजना विदेशीलाई बुझाएर नेपालको आर्थिक समृद्धि हुदैन । दैनिक १५ सयको संख्यामा नेपालको दक्ष तथा अदक्ष श्रमशक्ति विदेशिएको छ । झण्डै ७० लाख युवा रोजगारीको खोजीमा विदेशी भूमिमा आफ्नो श्रम बेचिरहेका छन् । त्यही श्रमबाट प्राप्त रेमिटेन्सबाट नेपालको अर्थतन्त्र धानिएको छ । खाडी मुलुक लगायतको विदेशी भूमिमा नेपाली श्रमिकहरूको अवस्था निकै दयनीय छ । त्यसप्रति सत्ता र शक्तिमा बसेका पार्टी तथा शासकहरू पूरै उदासिन छन् ।

# 'क.किरण : स्ट्रोङ कम्युनिष्ट फाइटर एण्ड लिडर' : चिनियाँ बुद्धिजीवीहरू

एकाडेमी अफ मार्क्ससिज्म चाइनिज तथा चाइनिज एकाडेमी अफ सोसल साइन्सेजका भाइस प्रेसिडेन्ट प्रो.फाङ चियानसिङ, चाइनिज एकाडेमी अफ सोसल साइन्सेजका असिस्टेन्ट प्रोफेसर तथा इन्टरनेसनल क्रिटिकल थाउटका डेपुटी इडिटोरियल डाइरेक्टर डा. लि चिछुलगायतका चिनियाँ बुद्धिजीवीहरूको एउटा टोलीले केही समय अगाडि नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'लाई भेट तथा अन्तर्क्रिया गऱ्यो । नेपाल र दक्षिण एशियामा समाजवादी आन्दोलनको भविष्यका विषयमा चिनियाँ बुद्धिजीवीहरूसँग गम्भीर छलफल गरिएको थियो ।

चिनियाँ बुद्धिजीवीहरूले वाम गठबन्धन, क्रान्तिकारी माओवादीले गर्ने नयाँ जनवादी क्रान्ति, नेपालमा भारतीय विस्तारवादी हस्तक्षेप र राष्ट्रिय स्वाधीनताको आन्दोलन लगायतका विषयमा जिज्ञासा राखेका थिए । उक्त भेटघाट अन्तर्क्रियामा क्रान्तिकारी माओवादीका नेता इन्द्रमोहन सिंग्देलले भाषानुवादमा सघाउनु भएको थियो । चिनियाँ बुद्धिजीवीहरूले छलफलको अन्त्यमा 'कमरेड किरण इज स्ट्रोङ कम्युनिष्ट फाइटर' भन्दै नेपाली नयाँ जनवादी क्रान्ति र कमरेड किरणको उत्तरोत्तर प्रगतिको कामना गरेका थिए । चिनियाँ बुद्धिजीवीहरूसँगको उक्त अन्तर्क्रिया तथा छलफलमा क्रान्तिकारी माओवादीका महासचिव किरणले व्यक्त गर्नुभएको विचारलाई यहाँ प्रस्तुत गरिएको छ :

**नक्कली र सक्कली कम्युनिष्ट**

नेपालमा कम्युनिष्ट नामधारी धेरै पार्टीहरू छन् । मूलतः संसदीय व्यवस्थाका पक्षधर र संसदीय व्यवस्थाका विरोधी । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लगायतका पार्टीहरू संसदीय व्यवस्था मान्दछन् । उनीहरू संशोधनवादी कम्युनिष्ट पार्टी हुन् । सर्वहारावर्गको अधिनायकत्व, वलप्रयोगको सिद्धान्त, निरन्तर क्रान्तिलगायतका मार्क्सवादी प्रस्थापनाहरूलाई मान्दैनन् । कम्युनिष्टको साइनबोर्ड राखे पनि उनीहरू असली नभएर नक्कली कम्युनिष्ट हुन्, जसले नेपालमा दलाल पुँजीवादी तथा साम्राज्यवादी नीति नै लागू गरिरहेका छन् ।

कम्युनिष्ट आन्दोलनको वास्तविक तथा क्रान्तिकारी धाराको नेतृत्व नेकपा (क्रान्तिकारी माओवादी) अर्थात् हामीले गरिरहेका छौं । हामी संसदीय व्यवस्था मान्दैनौं । लामो समयदेखि यसको विरोध गर्दै आएका छौं । यो व्यवस्थालाई उखेलेर फाली यसको ठाउँमा नयाँ जनवादी व्यवस्था स्थापित गराउन चाहन्छौं । नेपालमा जनवादी तथा समाजवादी क्रान्तिको आवश्यकता र संभव दुवै छ । एमाले र माओवादीहरूले नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसक्यो भनेर भ्रम छरिरहेका छन् । त्यो भ्रमको हामीले तथ्यसहित खण्डन गरिरहेका छौं । हामीले नयाँ जनवादी क्रान्तिको तयारी अगाडि बढाएर लैजाँदै गर्दा ती सबै भ्रमहरू चिरिदै जानेछन् र जनताको सहयोग, समर्थन र आवद्धता क्रान्तिमा बढेर जानेछ ।



**फरक**

दार्शनिक रूपमा एमाले-कांग्रेस-माके बहुलवाद मान्दछन् । हामी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद मान्दछौं । राष्ट्रियताको हिसाबले भन्ने हो भने हामी देशको राष्ट्रिय स्वाधीनता चाहन्छौं । एमाले-कांग्रेस र माकेले राष्ट्रियतामाथि गम्भीर खेलवाड गरेका छन् र गर्दै आएका छन् । हामीले नेपाल अर्धसामन्ती, अर्ध औपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहँदै आएको विश्लेषण गरेका छौं तर कांग्रेस, माके र एमालेले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसँग साँठगाँठ गर्दै आइरहेको छन् । जसले नेपालको राष्ट्रिय स्वाधीनतामा गम्भीर असर पुऱ्याइरहेको छ ।

**टुट, फुट र विभाजन**

नेपाली कम्युनिष्ट आन्दोलनमा पटक पटक टुट, फुट र विभाजन भएको छ । कतिपय फुटहरू क्रान्तिका लागि भएका छन् भने कतिपय गुटगत स्वार्थका कारण पनि हुन पुगेका छन् । तत्कालीन माओवादीमा आएको विभाजन क्रान्तिका लागि भएको हो । पार्टीको नेतृत्वमा रहेका प्रचण्ड र बाबुरामले दशवर्षे जनयुद्धलाई गम्भीर धोका र गद्दारी गर्दै नयाँ जनवादी व्यवस्थाको पार्टी रणनीतिलाई परित्याग गर्दै संसदीय व्यवस्थालाई पार्टीको रणनीति बनाउन थालेपछि पार्टीमा विभाजन आएको हो र हामी दशवर्षे जनयुद्धले लिएको नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने क्रान्तिको अहिले तयारी गरिरहेका छौं । नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास टुटफुट विभाजन हुँदै, सानोबाट ठूलो हुँदै र ठूलोबाट सानो हुँदै अगाडि बढ्दै आइरहेको छ । हामी संख्यामा अहिले सानो भए पनि गुणका हिसाबले साना छैनौं । जनयुद्ध सुरु गर्दा पनि हाम्रो शक्ति सानो थियो । त्यतिखेरको पार्टीको स्थितिबाट हेर्दा त अहिले हामी मात्रा र गुण दुवै हिसाबले ठूला छौं ।

**संघर्षका सबै रूपको प्रयोग**

कम्युनिष्टहरू सबैभन्दा बढी शान्तिप्रिय हुन्छन् र वास्तविक शान्ति चाहन्छन् । शोषण, विभेद र उत्पीडन समाजमा रहुन्जेल वास्तविक शान्ति स्थापित हुन सक्दैन । नेपाली समाजमा अहिले पनि वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक अन्तर्विरोध चरम अवस्थामा छ । अर्थात् राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल अवस्थामा छन् । यी समस्याको वास्तविक समाधान नयाँ जनवादी व्यवस्थाले मात्र गर्न सक्छ । त्यसका लागि हामीले गर्ने नयाँ जनवादी क्रान्तिको स्वरूप आवश्यक परेमा सशस्त्र पनि हुनेछ । क्रान्तिमा वलप्रयोग अनिवार्य हुन्छ । त्यसका लागि क्रान्तिका तीन जादुगरी हतियार क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणलाई हामीले गम्भीरतापूर्वक लिएका छौं । हामी संघर्षका सबैरूपको उपयोग गर्छौं । त्यसो गर्दा हामीले राष्ट्रिय र अन्तर राष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट पनि आवश्यक शिक्षा लिनेछौं ।

**राष्ट्रिय स्वाधीनताको मुद्दा**

राष्ट्रियता, जनतन्त्र र जनजीविका मुद्दाहरूमध्ये राष्ट्रियताको मुद्दालाई प्राथमिकता दिँदा जनताको ठूलो हिस्सालाई समेटेर अगाडि बढ्न सकिन्छ भन्ने सुझावमा हामी सकारात्मक छौं । राष्ट्रिय स्वाधीनताको मुद्दा मूलतः भारतीय हस्तक्षेपसँग जोडिएको छ । भारतीय शासक वर्गले नेपालको सीमा अतिक्रमण गर्ने, नेपालको जलसम्पदा तथा प्राकृतिक सम्पदामा एकछत्र राज गर्ने, सीमामा अन्तर्राष्ट्रिय कानुन विपरीत पक्की सडक तथा बाँध निर्माण गर्ने र नेपाली भू-भाग डुवानमा पार्ने, नेपालको प्रशासनिक तथा राजनीतिक क्षेत्रको माइक्रो लेवलमा समेत हस्तक्षेप गर्ने तथा नेपाल सरकारको भन्दा ठूलो बजेट नेपाल सरकारको समेत अनुमति नलिई संचालन गर्ने लगायतका नेपाली स्वाधीनतामाथि गम्भीर अघात पुग्ने कार्य गर्दै आएको छ ।

भारतको विस्तारवादी हस्तक्षेप चौतर्फी रूपमा नेपालमा हावी छ । चीनले नेपालको राष्ट्रिय स्वाधीनताको सम्मान गर्दै आएको छ भने भारतले पटक-पटक हस्तक्षेप गर्दै आएको छ तर भारतीय जनता नेपालको राष्ट्रिय स्वाधीनताको सम्मान गर्छन् र परिवर्तनको आन्दोलनमा सहयोग पनि पुऱ्याउँदै आएका छन् । नेपालको राष्ट्रियताको रक्षाको हिसाबले हेर्दा चीनले यसको संरक्षकको भूमिका खेल्दै आएको छ । चीन र भारतका जनपक्षीय तथा प्रगतिशील शक्तिको साथ सहयोगबाट नै नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा सम्भव छ । त्यसमा नेपाली जनताको आन्दोलन नै निर्णायक रूपमा आवश्यक बन्न जान्छ ।

**वामहरूको भ्रम**

अहिले वाम गठबन्धन तथा संघीय व्यवस्थाका पक्षधर पार्टीहरूले आर्थिक समृद्धि र विकासको जनतामा भ्रम दिइरहेको छन् । नेपालको प्राकृतिक स्रोत साधन तथा मानवीय श्रम शक्ति विदेशीलाई सुम्पेर कसरी मुलुकको समृद्धि हुन सक्छ ? सप्तकोशी, गण्डकी, महाकाली, अप्पर कर्णाली, अरुण तेस्रो जस्ता जलविद्युत् आयोजना विदेशीलाई बुझाएर नेपालको आर्थिक समृद्धि हुदैन । दैनिक १५ सयको संख्यामा नेपालको दक्ष तथा अदक्ष श्रमशक्ति विदेशिएको छ । झण्डै ७० लाख युवा रोजगारीको खोजीमा विदेशी भूमिमा आफ्नो श्रम बेचिरहेका छन् । त्यही श्रमबाट प्राप्त रेमिटेन्सबाट नेपालको अर्थतन्त्र धानिएको छ । खाडी मुलुक लगायतको विदेशी भूमिमा नेपाली श्रमिकहरूको अवस्था निकै दयनीय छ । त्यसप्रति सत्ता र शक्तिमा बसेका पार्टी तथा शासकहरू पूरै उदासिन छन् ।

नेपाल एक कृषि प्रधान मुलुक पनि हो । तर कृषकलाई राज्यले पर्याप्त सेवा सुविधा नदिँदा कृषि उत्पादन दिनदिनै ह्रासोन्मुख छ र दैनिक उपभोग्य कृषि वस्तुको आयात ह्वात्तै बढेर गएको छ । विदेशी अनुदान र सहयोगमा पनि भ्रष्टचार हुने गरेको छ । व्यापार घाटा खर्बौं खर्ब पुगेको छ । मुलुकलाई आत्मनिर्भर अर्थतन्त्रको दिशामा अगाडि नबढाई आर्थिक समृद्धि जनता ढाँट्ने खेल मात्रै हो । स्वाधीन अर्थतन्त्रको विकासको लागि मुलुकमा राजनीतिक क्रान्ति पूरा हुनुपर्दछ । त्यो भनेको नयाँ जनवादी क्रान्ति नै हो । नयाँ जनवादी क्रान्ति सम्पन्न नगरी नेपालको आर्थिक समृद्धि संभव छैन ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको क्षेत्रमा रहेका विकराल समस्याहरूको समाधानका लागि नेपालमा नयाँ जनवादी क्रान्ति अपरिहार्य बनेको छ । यस क्रान्तिलाई गन्तव्यसम्म पुऱ्याउनका लागि भारत लगायत दक्षिण एशियाका जनता जनपक्षीय तथा प्रगतिशील शक्ति, चीनको कम्युनिष्ट पार्टी लगायतको सहयोग र समर्थनको पनि आवश्यकता पर्दछ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# के अखबारले सामूहिक संगठनकर्ताको भूमिका पूरा गर्न सक्छ ?

'केबाट सुरु गर्ने ?' लेखको सम्पूर्ण सार नै यस प्रश्नको छलफलमा निहित छ । जहाँसम्म हामीलाई थाह छ, ल. नादेज्दिनले मात्रै यस प्रश्नको गम्भीर विश्लेषण गर्ने प्रयास गरेका छन् । साथै, नकारात्मक रूपमा यसको समाधान गर्ने आवश्यकता साबित गर्न खोजेका पनि छन् । उनको पूरै तर्क उद्धृत गरेर हेरौं-

". . . . 'इस्क्रा' (अङ्क ४) मा एक अखिल रसियाली अखबारको आवश्यकताको प्रश्न जुन किसिमले उठाइयो, त्यो हामीलाई निकै मनपरेको छ । तर, 'केबाट सुरु गर्ने ?' शीर्षक लेखअन्तर्गत यो प्रश्न प्रस्तुत गर्न सकिन्छ भन्ने तर्कसित चाहिँ हामी तदापि सहमत हुन सक्तैनौं । निसन्देह, यो एक अति महत्वपूर्ण कुरा हो, तापनि न त एक अखबारले, न लोकप्रिय पर्चा-माला र थुप्रै घोषणापत्रहरूले नै क्रान्तिकारी समयमा लडाकू सङ्गठनको थालनी गर्न सक्तछन् । स्थानीय स्तरमा बलिया राजनीतिक सङ्गठनहरू खडा गर्ने काम सुरु गर्नु जरुरी छ ।

हामीसित यस्ता सङ्गठनहरू छैनन्, हामीले अहिलेसम्म मुख्यतया सजग मजदूरहरूकै बीचमा काम गर्दै आएका छौं । सामान्य मजदूरहरूचाहिँ झण्डै पूरापूर आर्थिक सङ्घर्षमा व्यस्त रहेका छन् । स्थानीय स्तरमा बलिया राजनीतिक सङ्गठनहरू हुर्कन बढ्न सक्तैनन् भने उत्कृष्ट रूपमै सङ्गठित अखिल रसियाली अखबारको समेत के महत्व रहन जान्छ र ? यो यस्तै बलिरहेको झाडी जस्तो हुनेछ, जुन नडढिकन बलिरहन्छ, तर अरु कुनै कुरा सल्काउन सक्तैन !

'इस्क्रा' सोच्दछ- आफ्नो गतिविधिको सिलसिलामा मानिसहरू यसको वरिपरि भेलाहुँदै जानेछन् र सङ्गठित पनि हुँदै जानेछन् । तर मानिसहरूलाई बढी ठोस गतिविधिको वरिपरि भेला हुन र सङ्गठित हुन कता हो कता बढि सजिलो लाग्छ ! स्थानीय अखबारको व्यापक सङ्गठन, प्रदर्शनहरूका लागि मजदूरहरूको शक्तिको तत्काल तयारी, बेकारहरूका बीच स्थानीय सङ्गठनहरूको निरन्तर गतिविधि (पुस्तिकाहरू र पर्चाहरूको अविश्रान्त वितरण, सभाहरूको आयोजना, सरकारविरोधी कार्यहरू गर्न आह्वान, आदि) नै यस्तो ठोस कार्य हुन् र हुनै पर्दछ । हामीले स्थानीय स्तरमा सजीव राजनीतिक कार्य सुरु गर्नै पर्दछ । अनि, जब वास्तविक आधारमा एकताबद्ध हुने समय आउँछ, त्यो एकता एक कृत्रिम, कागजी एकता हुनेछैन । स्थानीय कार्यहरूको एक अखिल रसियाली कार्यमा एकीकरण अखबारहरूद्वारा प्राप्त गर्न सकिँदैन !" ('क्रान्तिको पूर्वबेला', पृष्ठ ५४) ।

यस प्रभावशाली निक्दोक्तिमा हामीले ती अंशहरूमाथि जोड दिएका छौं जसले हाम्रो योजनाको बारेमा लेखकको गलत रायको साथै यहाँ 'इस्क्रा' को विरुद्ध प्रस्तुत गरिएको उनको आम दृष्टिकोणकै गल्तीपनलाई यथेष्ट स्पष्टताकासाथ देखाउँछ । हामीले स्थानीय स्तरमा बलिया राजनीतिक सङ्गठनहरू हुर्काउन बढाउन सकेनौं भने उत्कृष्ट रूपमा सङ्गठित अखिल रसियाली अखबारसमेत बेमतलबको हुन जान्छ । यो साँचो कुरा हो । तर खास कुरा त के हो त भने अखिल रसियाली अखबारको माध्यमबाट बाहेक अरु कुनै माध्यमबाट बलिया राजनीतिक सङ्गठनहरू हुर्काउन बढाउन सकिँदैन । 'इस्क्रा' ले आफ्नो "योजना" प्रस्तुत गर्नुअघि गरेको सबभन्दा महत्वपूर्ण कुरा नै लेखकले देख्न सकेनन् ।

'इस्क्रा' ले लेखेको थियो, "कुराले मात्र होइन, वास्तवमा नै सब शक्तिहरूलाई एकताबद्ध गर्न र आन्दोलनको नेतृत्व गर्न समर्थ क्रान्तिकारी सङ्गठनको निर्माणको लागि आह्वान गर्नु" जरुरी छ, "अर्थात् त्यस्तो सङ्गठन निर्माण गर्नुपर्दछ, जुन सधै नै सब प्रकारको विरोध र विस्फोटको समर्थन गर्न तयार होस् र यिनलाई निर्णायक सङ्ग्रामका लागि उपयुक्त लडाकु शक्तिहरूको सुदृढीकरण र सम्वर्द्धनका लागि उपयोग गर्न तत्पर होस्" ।

'इस्क्रा' भन्दै जान्छ," अहिले फेब्रअरी र मार्चको घटनाहरूपछि, कुनै पनि मानिस सिद्धान्ततः यस कुरासित सहमत हुनेछ । तर हामीलाई यस प्रश्नको सैद्धान्तिक नभएर व्यवहारिक समाधान चाहिएको छ, हामीले तुरुन्तै एक निश्चित रचनात्मक योजना प्रस्तुत गर्नुपरेको छ । यसको माध्यमबाट सबैले हरेक पक्षबाट सङ्गठन बनाउने काममा तुरुन्तै लाग्न सकून् । हामीलाई फेरी पनि व्यवहारिक समाधानबाट पछिल्तिर धकेलिदै छ- त्यस सैद्धान्तिक रूपले सही, अविवादास्पद र महान् तर पूर्णतः अपर्याप्त, मजदूरहरूको व्यापक समुदायको पूर्णतः अवोध्य तथ्यतिर धकेल्दैछन्-"बलिया राजनीतिक सङ्गठनहरू तयार गर !" आदरणीय लेखक महोदय, अब त यसबारे कुरा नगरे पनि हुन्छ, प्रश्न त सङ्गठनलाई ठीक कसरी हुर्काउने हो र हुर्काउनुपर्दछ भन्ने पो हो !



"हामीले अहिलेसम्म मुख्यतया सचेत मजदूरहरूकै बीचमा काम गर्दै आएका छौं । सामान्य मजदूरचाहिँ झण्डै पूरापूर आर्थिक सङ्घर्षमा व्यस्त रहेका छन्" -यो भनाइ गलत छ । यस प्रस्थापनालाई यस किसिमले प्रस्तुत गर्दा 'स्भाबोदा' को लागि स्वभाविक, सचेत मजदूरहरूलाई "जनसमूह" का विरुद्ध उभ्याउने प्रवृत्तिको रूप लिन पुग्दछ । हामीकहाँ सचेत मजदूरहरू त पछिल्ला वर्षहरूमा "झण्डै पूर्णतः आर्थिक सङ्घर्षमा व्यस्त" रहेका छन् । पहिलो कुरा यो हो । दोस्रो कुरा के हो भने त्यस बेलासम्म जनसमूहले राजनीतिक सङ्घर्ष चलाउन सिक्नेछैन, जबसम्म हामीले सचेत मजदूहरू र बुद्धिजीवीहरू दुबैको बीचबाट, यस सङ्घर्षका लागि नेताहरू प्रशिक्षित गर्न मद्दत गर्ने छैनौं । हाम्रो राजनीतिक जीवनका सबै दैनिक पक्षहरूलाई विभिन्न वर्गहरूले विभिन्न कारणले गर्ने विरोध र सङ्घर्षका सबै प्रयासहरूको व्यवस्थित मूल्याङ्कनद्वारा मात्र यस्ता नेताहरूको तालीम गर्न सकिन्छ । त्यसै कारणले "राजनीतिक सङ्गठन तयार गर्ने" कुरा गर्नु र यसको साथसाथै एक राजनीतिक अखबारको "कागजी काम" लाई "स्थानीय स्तरमा गरिने सजीव राजनीतिक कार्य" विरुद्ध उभ्याउनु सरासर हास्यास्पद कुरा हो !

'इस्क्रा' ले अखबारसम्बन्धी आफ्नो "योजना" लाई त्यस्तो "लडाकू तत्परता" निर्माण गर्ने "योजना" अनुरूप बनाएको छ, जसद्वारा बेरोजगारहरूको आन्दोलन, किसान विद्रोहहरू, जेम्स्तभाका सदस्यहरूको असन्तोष, "जारशाहीको अन्धा हत्याराविरुद्ध जनताको क्षोभ" आदिको समर्थन गर्न सकियोस् । आन्दोलनसित परिचित भएका कुनै पनि व्यक्तिलाई राम्ररी थाह भएको कुरा हो, स्थानीय सङ्गठनहरूका अत्याधिक बहुसङ्ख्याले यस्तो कुरा कहिल्यै सोचेका सम्म पनि छैनन् । "सजीव राजनीतिक कार्य" सम्बन्धी यहाँ प्रस्तुत गरिएका धेरैजस्ता सम्भावनाहरू एउटा पनि सङ्गठनले अझ एक पटक पनि लागू गरेका छैन । अनि, उदाहरणका लागि जेम्स्तभाका बुद्धिजीवीहरूको माझमा बढ्दो असन्तोष र विरोधमाथि ध्यान दिने प्रयासले नादेज्दिन ("हे, भगवान, यो अखबार जेम्स्तभाका सदस्यहरूको लागि त प्रकाशन गरिएको होइन ?" -'पूर्वबेला', पृष्ठ १२६), "अर्थवादीहरू" ('इस्क्रा' लाई चिठी, अङ्क १२) र अरु थुप्रै व्यावहारिक कार्यकर्ताहरूमा निराशा र चिन्ताको भावना पैदा गर्दछ ।

यी अवस्थाहरूमा, जनतालाई यी सब कुराको बारेमा सोच्न, असन्तोष र सक्रिय सङ्घर्षका सबै विविध लक्षणहरूलाई एकै ठाउँमा बटुल्न र सामान्यीकरण गर्न प्रेरणा दिएर मात्र काम "थाल्नु" सम्भव हुन्छ । आजको बेलामा, जब सामाजिक-जनवादी कार्यहरूलाई



● लेनिन ●

तल्लो स्तरमा खसालिंदैछ, "सजीव राजनीतिक कार्य" सुरु गर्न सकिने एक मात्र तरीका सजीव राजनीतिक आन्दोलन हो । तर हामीसित बरोबर प्रकाशित हुने र नियमित रूपले वितरित हुने अखिल रसियाली अखबार नभएसम्म यस्तो आन्दोलन असम्भव छ ।

ती मानिसहरू, जसले 'इस्क्रा' को योजनालाई "किताबीपन" को अभिव्यक्ति मानेका छन्, तिनीहरू यस योजनाको सारांशलाई बुझ्न पूर्णतः असफल भएका छन् । र, हाललाई सबभन्दा उपयुक्त साधनको रूपमा प्रस्तुत गरिएको कुरालाई लक्ष्य भन्ठानेका छन् । यी मानिसहरूले योजनाको स्पष्टताको लागि प्रस्तुत गरिएका दुई उपमाहरूको अध्ययन गर्ने कष्ट गरेका छैनन् । 'इस्क्रा' ले लेखेको थियो-अखिल रसियाली राजनीतिक अखबारको प्रकाशन त्यो मुख्य सूत्र हुनुपर्दछ, जसद्वारा हामी सङ्गठनलाई (अर्थात् त्यस्तो क्रान्तिकारी सङ्गठन जुन हरेक विरोध, हरेक बिस्फोटनलाई समर्थन गर्न सधैं तत्पर रहन्छ) अडिग रूपले विकास गर्न, गहिरो बनाउन र विस्तार गर्न सकौं ।

कृपया मलाई बताइदिनोस् न, जब डकर्मीहरू एक विशाल, अभूतपूर्व रूपले ठूलो भवनको विभिन्न भागहरूमा ईंटा लगाउँछन्, के त्यसबेला पनि ईंटा लगाउने ठीक ठाउँ निश्चित गर्न सहायता होस् भनेर आफ्नो समान कामको अन्तिम लक्ष्य सधैं आफ्नो अगाडि राख्नका लागि, प्रत्येक ईंटा जसले अघि लगाइएको र पछि लगाइएको ईंटासित जोडिएर एक पूर्ण र अटूट रेखा बनाउनेछ, को उपयोग गर्न सकियोस् भनेर धागोको तान लगाउनु पनि "कागजी" काम रहेछ त ? अनि के अहिले हाम्रो पार्टी जीवनको ठीक यस्तै अवस्थाबाट गुज्रिरहेका छैनौं, जब हामीसित ईंटा र डकर्मीहरू छन्, तर त्यो बाटो देखाउने डोरी छैन, जसलाई सबैले देख्न र अनुशरण गर्न सकून् ?

ती मानिसहरूलाई हामी धागो तानेर हुकुम चलाउन चाहन्छौं भनेर कराइरहन दिनोस् । महानुभाव हो, हामीले हुकुम चलाउन चाहेका भए मुखपृष्ठमा 'इस्क्रा अङ्क १' नलेखेर 'राबोचाया गाजेता अङ्क ३) लेख्ने थियौं, केही कमरेडहरूले हामीलाई यसो गर्ने सल्लाह पनि दिएका थिए र यसो गर्न माथि वर्णन गरिएका घटनाहरूपछि हामीलाई पूर्ण अधिकार पनि थियो । तर हामीले त्यसो गरेनौं । हामीले सबै छद्म सामाजिक-जनवादीहरू विरुद्ध निर्ममतापूर्वक सङ्घर्ष चलाउनका लागि आफ्नो हात स्वतन्त्र राख्न चाह्यौं ; ठीकसँग धागो तान्दछौं भने हाम्रो धागोलाई सही भएको हुनाले, पार्टीका अधिकृत मुखपत्रले तानेको हुनाले हैन, आदर गरियोस् भन्ने हामीले चाह्यौं ।

नादेज्दिन हामीलाई उपदेश दिन्छन्, "स्थानीय गतिविधिलाई केन्द्रित अङ्गमा एकताबद्ध गर्ने प्रश्न अनन्त चक्रमा घुम्दैछ । एकताका लागि तत्वहरूको एकरूपताको आवश्यकता पर्दछ । अनि एकरूपता एकताबद्ध गर्ने कुनै कुराबाट मात्र उत्पन्न गर्न सकिन्छ । तर यस्तो एकताबद्ध गर्ने तत्व बलिया स्थानीय सङ्गठनहरूको मात्र उपज हुन सक्छ । हाल एकरूपता यिनीहरूको विशिष्ट लक्षण बनेको छ भन्न सकिंदैन ।" यो सत्य हामीले बलिया राजनीतिक सङ्गठनहरू प्रशिक्षित गर्नै पर्दछ भन्ने सत्य जत्तिकै श्रद्धायोग्य र अकाट्य छ । यो उत्तिकै बाँझो पनि छ ।

कुनै पनि प्रश्न "अनन्त चक्र" मा घुम्दछ, किनभने सम्पूर्ण राजनीतिक जीवन एक अन्त्यहीन सिक्री जस्तै अनगिन्ती जोर्नीहरूद्वारा बनेको छ । राजनीतिज्ञको सम्पूर्ण कला नै त्यस जोर्नीलाई फेला पार्नु र हामीले सकेसम्म दृढतापूर्वक समाउनुमा छ जुन हाम्रो हातबाट खोसिने सबभन्दा कम सम्भावना हुन्छ । त्यो जोर्नी जुन त्यस खास समयमा सबैभन्दा बढि महत्वपूर्ण जोर्नी होस्, जसलाई समात्नेले सम्पूर्ण सिक्रीमाथि नै अधिकारको सबैभन्दा बढि प्रत्याभूति होस् । हामीसित निर्देशक डोरीबिना नै ठीक ठीक तरीकाले ईंटा ओछ्याउन सक्ने, मिलेर राम्ररी काम गर्न सकेका अनुभवी डकर्मीहरूको डफ्फा भएदेखि (सैद्धान्तिक दृष्टिले कुरा गर्दा यस्तो हुनु कदापि असम्भव छैन) शायद हामी कुनै अर्को जोर्नी समात्न सक्छौं । किन्तु दुर्भाग्यको कुरा छ, हामीसित अझै मिलेर काम गर्ने प्रशिक्षित अनुभवी डकर्मीहरू छैनन् । ईंटाहरू प्रायः त्यस्तो ठाउँमा लगाइन्छन् जहाँ तिनको कुनै आवश्यक पर्दैन, ईंटाहरू एक सामान्य डोरीअनुसार लगाइदैनन्, बरु तिनीहरू छरिएका हुन्छन् भने शत्रुले त्यस भवनलाई ईंटाले बनेको नभई बालुवाले बनेको जस्तो गरी भत्काउन सक्छ ।

अब अर्को उपमा लिऊँ । "अखबार खालि एक सामूहिक प्रचारक र सामूहिक आन्दोलनकर्ता मात्र होइन, यो एक सामूहिक सङ्गठनकर्ता पनि हो । सामूहिक सङ्गठनकर्ताको दृष्टिकोणले हेर्दा अखबारलाई निर्माण भइरहेको घरको वरिपरि बाँधिएको खटसित तुलना गर्न सकिन्छ, जसले घरको ढाँचाका रूपरेखाहरू स्पष्ट गर्दछ र घर बनाउनेहरूका लागि आवतजावतको सहुलियत पुऱ्याउँछ । साथै, उनीहरूलाई आपसमा कामको बाँडफाँड गर्न र आफ्नो सङ्गठित श्रमद्वारा प्राप्त परिणाम देख्न सघाउँछ ।" के यो एक कोठे साहित्यकारले आफ्नो कामको महत्व बढाउन गरेको प्रयास जस्तो लाग्दो रहेछ त ? खट बसोबासको लागि कति पनि आवश्यक हुँदैन; यो सस्तो सामग्रीबाट बनाइन्छ ; खालि अस्थायी रूपमा मात्र खडा गरिन्छ र घरको बाहिरी ढाँचा बनिसक्नासाथ यसलाई दाउरा बाल्न लगाइन्छ । जहाँसम्म क्रान्तिकारी भवनको कुरा छ, अनुभवले के देखाउँछ भने कहिलेकाहिँ तिनलाई बिनाखट पनि बनाउन सकिन्छ, आठौं दशकमा यस्तै भएको थियो । तर वर्तमान समयमा हाम्रो लागि आवश्यक भवन खट विना नै बनाउने कल्पनासम्म पनि गर्न सकिदैन ।

नादेज्दिन यस विचारसित सहमत छैनन् । उनी भन्दछन्, "'इस्क्रा' सोच्दछ- आफ्नो गतिविधिको सिलसिलामा मानिसहरू यसको विपरीत भेला हुँदै जानेछन्, सङ्गठित हुँदै जानेछन् । तर मानिसहरूलाई बढि ठोस गतिविधिको वरिपरि भेला हुन र सङ्गठित हुन कता हो कता बढि सजिलो लाग्छ ।" त्यसो भए, "बढि ठोस गतिविधिको वरिपरि भेला हुन अलि केही सजिलो" हुँदो रहेछ . . . . एउटा रुसी उखान छ, "कुवामा नथुक्नु, कहीं त्यसको पानी खान नपरोस् ।" तर यस्ता मान्छेहरू भेटाइन्छन्, जसलाई थुकिएको कुवाबाट पानी खान कुनै आपत्ति हुँदैन । निश्चित कुराको नाउँमा "मार्क्सवादका" हाम्रा शानदार वैधानिक "आलोचकहरू" र 'रोबोचाया मिस्ल' का अवैधानिक प्रशंसकहरूले कस्ता कस्ता मात्रै घृणित कुराहरू गरेनन् ! हाम्रो आफ्नै सङ्कुचितपन, अग्रसरताको अभाव र हिचकिचाहटद्वारा हाम्रो आन्दोलन थिचिएको छ । यस कुरालाई "केही बढि ठोस कुराको वरिपरि भेला हुन बढि सजिलो पर्छ" भन्ने परम्परागत तर्कद्वारा उचित साबित गरिन्छ । अनि नादेज्दिन जो आफूलाई "जीवनका वास्तविकताहरू" को विशेष गहन बोध भएको मान्छे ठान्दछन्, जो "कोठे" राजनीतिज्ञहरूको कडा भत्सर्ना गर्दछन् र (मति-सूक्ष्मताको दावा गर्दै) 'इस्क्रा' माथि जताततै "अर्थवाद" देख्ने दुर्बलताको आरोप लगाउँदछन् र जो आफूलाई कट्टरपन्थीहरू र आलोचकहरूबीचको विभाजनभन्दा माथि उभिएको देख्दछन् । के उनी आफै देख्दैनन् कि उनी आफ्ना तर्कहरूद्वारा त्यस सङ्कुचितपनलाई योगदान गर्दैछन् । यसले त उनमा उत्पन्न भएको यत्तिका क्षोभ देख्न सक्तैनन् भने उनी सबभन्दा बढि थुकिएको कुवाबाट पानी खाँदैछन् ।

सङ्कुचितपनको विरुद्ध जतिसुकै वास्तविक रोष, यसका ...बाँकी ५ पेजमा

## के अखबारले...

पूजकहरूलाई घुँडा टेकेको अवस्थामा माथि उठाउने जतिसुकै उत्कृष्ट इच्छाले किन प्रेरित नहोस्, यी सब कुरा पर्याप्त हुँदैन जब क्षोभ प्रकट गर्ने व्यक्ति आफै बिनापाल, बिनाबाहना बग्दै जान्छ र आठौं दशकका क्रान्तिकारीहरूले जस्तै "स्वस्फूर्तता" का साथ, "उत्तेजनाकारी आतङ्क", "कृषि आतङ्क", "रणभेदी वादन" आदि जस्ता कुराहरूमा टाँसिन्छ । हेर्नोस्, यो कस्तो "बढि ठोस" कुरा रहेछ, जसको वरिपरि, उनको विचारअनुसार भेला हुन र सङ्गठित हुन "धेरै सजिलो" पर्न जान्छ- १) स्थानीय अखबारहरू ; २) प्रदर्शनहरूका तयारीहरू ; ३) बेरोजगारका बीच काम । एक दृष्टिमै स्पष्ट भइहाल्छ यी कुराहरू केही न केही भन्नका लागि जथाभावी टिपिएका हुन् किनभने यी कुराहरूलाई हामीले जुनसुकै दृष्टिकोणले हेरे पनि यिनमा "भेला गर्न र सङ्गठन गर्न" विशेष रूपले उपयुक्त कुनै कुरो देख्न खोज्नु हास्यास्पद हुनेछ ।

त्यही नादेज्दिन केही पृष्ठपछि गएर लेख्दछन्- "अब के कुरा सफासफ भन्ने बेला आएको छ भने स्थानीय सङ्गठनहरूमा अलि घटिया ढङ्गले काम गरिन्छ, समितिहरू आफूले गर्न सक्ने कामको दश भागको एक भाग पनि गर्दैनन् . . . अहिले हामीसित भएका समन्वय केन्द्रहरू धोका हो, क्रान्तिकारी नोकरशाही मात्र हो, यिनीहरू आपसमा एक अर्कालाई सेनानायक मात्रै नियुक्त गर्दछन्, जबसम्म बलिया स्थानीय सङ्गठनहरू तयार हुने छैनन् यही स्थिति कामय रहनेछ ।" निस्सन्देह, यस टिप्पणीमा कुरा अलि बढाइ-चढाइ गरिएको छ, तर निस्सन्देह यसमा थुप्रै कटु सत्य पनि छ । के साँच्चै नादेज्दिन, स्थानीय स्तरमा हुने घटिया काम र स्थानीय सङ्गठनहरूको परिधिभित्र सीमित पार्टी कार्यकर्ताहरूको प्रशिक्षणको अभावले गर्दा उनीहरूको दृष्टिकोण र गतिविधिमा अवश्यम्भावी रूपमा देखापर्ने सङ्कीर्णताबीचको भेद बुझ्न सक्तैनन् र ? के उनले पनि 'स्भाबोदा' मा प्रकाशित सङ्गठनसम्बन्धी लेखका लेखकहरूले जस्तै स्थानीय अखबारहरूको व्यापक प्रकाशन (१८६८ देखि) मा सङ्क्रमणको साथसाथै कसरी "अर्थवाद" र "सिकारूपन" को प्रभाव बढ्दै गएको थियो भन्ने कुरा बिर्से ? "व्यापक रूपमा स्थानीय अखबार" कुनै पनि मात्रामा सन्तोषजनक रूपले निकाल्न सफलै भए तापनि (हामीले यो काम ज्यादै अपवादपूर्ण अवस्थाहरूमा बाहेक असम्भव छ भन्ने कुरा स्पष्ट पारिसकेका छौं ) स्थानीय अखबारहरूले एकतन्त्रमाथि व्यापक प्रहार गर्न र संयुक्त सङ्घर्षको नेतृत्व गर्नका लागि सबै क्रान्तिकारी शक्तिहरूलाई "भेला गर्ने र सङ्गठित गर्ने" कार्यभार पूरा गर्न सक्तैनन् ।

नबिर्सनोस्, यहाँ अखबारको "सङ्ग्रहात्मक", सङ्गठनात्मक भूमिकाबारे मात्रै चर्चा हुँदैन, हामी खण्डित अवस्थाका समर्थक नादेज्दिनलाई त्यही प्रश्न सोध्न सक्छौं, जुन उनले बढी व्यङ्ग्यात्मक तरिकाले राखेका थिए-"हामीले कतैबाट दुईलाख क्रान्तिकारी सङ्गठनकर्ताको उत्तरदान त पाएनौं ?" यसको साथै "प्रदर्शनहरूको लागि तयारी गर्ने काम" र 'इस्क्रा' को योजनालाई एक दोस्रो विरुद्ध उभ्याउनु हुँदैन, किनभने यस योजनामा सकेसम्म व्यापकता प्रदर्शनहरूको आयोजन गर्ने कामलाई एक उद्देश्यको रूपमा समावेश गरिएको छ, चर्चाको विषय त कस्तो व्यवहारिक साधन रोज्ने भनने पो हो । नादेज्दिन यहाँ पनि फेरि अलमलिए, अघिबाटै "जम्मा भएका र सङ्गठित" शक्तिहरूले मात्र प्रर्दशनको तयारी गर्न सक्तछन् (आजसम्म भएका बहुसङ्ख्यक प्रदर्शनहरू स्वस्फूर्तरूपले नै भएका छन्) भन्ने कुरा उनले देख्न सकेनन्, हामीचाहिँ भेला गर्न र सङ्गठित गर्न नै जान्दैनौं । "बेरोजगारहरूको बीचमा कार्य ।" फेरि त्यही गज्याङमज्याङ कुरा; किनभने यसले पनि एकगठ गर्ने योजना हैन । हाम्रो खण्डितावस्था र "दुई लाख सङ्गठनकर्ताहरू" को अभावले हामीलाई कत्रो क्षति पुऱ्याएको छ भन्ने कुरा नादेज्दिनले कति कम बुझेका छन्, निम्न तथ्यबाट थाह पाउन सकिन्छ-धेरैले (नादेज्दिन लगायत) 'इस्क्रा' लाई बेरोजगारीको बारेमा कम समाचार छाप्दछ र दैनिक ग्रामीण जीवनसम्बन्धी घटनाहरूको यदाकदा मात्र चिठीहरू छाप्ने गर्दछ भनेर झपार्ने गरेका छन् । यो झपाराई उचित छ ; तर 'इस्क्रा' "बिनाअपराध अपराधी" बनेको छ ।

हामी ग्रामीण इलाकामा पनि "धागो तान्ने" कोशिश गर्दैछौं, तर यहाँ कतै डकर्मी भेट्टाइदैन । त्यसैले, हामी अति सामान्य तथ्यहरूको लागि समेत जोसुकैलाई पनि प्रोत्साहित गर्न बाध्य छौं, के आशाले भने यसले सम्बन्धित क्षेत्रमा हाम्रा सहयोगीहरूको सङ्ख्या बढाउने र अन्ततोगत्वा हामी सबैलाई साँच्चै नै सबभन्दा महत्वपूर्ण तथ्यहरू छान्नमा प्रशिक्षित गर्नेछ । तर अध्यनको लागि सामग्री कति कम छ भने यी सामग्रीहरू सम्पूर्ण रुसकै लागि सामान्यकृत गरेनौं भने, तालिम हासिल गर्नको लागि हामीसित ज्यादै कम सामाग्री हुनेछ । कम्ती पनि नादेज्दिनका जत्तिकै आन्दोलनकर्ताको क्षमता र आवारा जीवनको ज्ञान भएको कुनै पनि मानिसले बेरोजगारहरूको बीचमा आन्दोलन कार्य गरेर आन्दोलनलाई अमूल्य सेवा प्रदान गर्न सक्तछ, यसमा कुनै शङ्का छैन । तर उसले ती सबै रुसी कमरेडहरूलाई, जो आमरूपमा अझै पनि नयाँ नयाँ प्रकारका कामहरू आफ्नो हातमा लिने क्षमताबाट बञ्चित छ, आफ्नो हरेक पाइलाको बारेमा जानकारी दिएन भने, उसले आफ्नो प्रतिभा लुकाएको ठहरिनेछ ।



अहिले जो सुकै पनि एकताको महत्वबारे, "भेला हुने र सङ्गठित हुने" आवश्यकताबारे कुरा गर्दछन्, तर धेरैलाई के बाट यो काम शुरु गर्ने हो र कसरी यो एकता प्राप्त गर्ने हो भन्ने थाह हुँदैन । भनौं हामी कुनै शहरको विभिन्न टोलमा अध्ययनमण्डलहरूलाई "एकताबद्ध" गर्न चाहन्छौं, र यो कुरा अवश्य पनि सबले स्वीकार गर्नेछन् । तब, त्यस कामको लागि साझा संस्थानहरूको आवश्यकता पर्न जान्छ अर्थात् सबलाई मिलाएर एउटा "सङ्घ" खडा गर्नु नै पर्याप्त हुँदैन, यसको लागि साझा काम, टोलहरूको बीचमा सामग्री, अनुभव तथा कार्यकर्ताको आदानप्रदान र टोलहरूको बीचमा कामको वितरण मात्र नभएर नगरव्यापी स्तरमा समेत खास खास कामका लागि बेग्ला बेग्लै कार्यकर्ताहरूलाई विशेष रूपले तालिम गर्नु समेत आवश्यक हुन जान्छ । कुनै एउटा ठूलो गुप्त सङ्गठनले एउटै टोलको "साधन" द्वारा (स्वभावतः रूपैयाँ पैसा र श्रमशक्ति दुबैको दृष्टिकोणले) आफ्नो खर्च उठाउन सक्तैन (बेपारी भाषामा भन्ने हो भने), यस्तो साघुँरो क्षेत्रमा एक विशेषज्ञले आफ्नो प्रतिभाको विकाश गर्ने यथेष्ठ मौका पाउन सक्तैन भन्ने कुरा त जोकुकैले पनि स्वीकार गर्ने छ ।

विभिन्न शहरका गतिविधिहरूको समन्वयको सम्बन्धमा पनि यही कुरा लागू हुन्छ किनभने एक विषेश इलाका समेत यस मामिलामा एक अत्यन्तै सङ्कीर्ण क्षेत्र ठहरिन जानेछ र हाम्रो सामाजिक-जनवादी आन्दोलनको इतिहासमा यो कुरा साबित भइसकेको छ । राजनीतिक आन्दोलन र सङ्गठनात्मक कार्यको सम्बन्धमाथि चर्चागर्दा हामीले यो कुरा विस्तार पूर्वक देखाइसकेका छौं । हामीले सबभन्दाबढि र सबभन्दा पहिले त आफ्नो कार्यक्षेत्रको विस्तार गर्नुपर्दछ । नियमित यससाझा कामको आधारमा शहरहरूका बीचमा वास्तविक सम्पर्कहरू कायम गर्नुपर्दछ । खण्डितावस्थाले मानिसहरूलाई दबाउँछ र तिनीहरू ('इस्क्रा'मा चिठी पठाउने एक व्यक्तिको अभिव्यक्ति अनुसार) "एउटा खाडलमा कोचिएर बसेका छन्" । संसारमा के भइरहेको छ भन्ने कुरा उनीहरूलाई थाह हुँदैन, कसबाट सिक्ने, कसरी अनुभव प्राप्त गर्ने हो र व्यापक गतिविधिमा लाग्ने आफ्नो इच्छा कसरी पूरा गर्ने हो उनीहरूलाई थाह हुँदैन ।

म फेरि पनि कुन कुरामा जोड दिन चाहन्छु भने एक साझा अबबारको मदतबाट मात्रै हामीले वास्तविक सम्पर्कहरू स्थापना गर्न सुरु गर्न सक्नेछौं । त्यही मात्र त्यस्तो नियमित, अखिल रसियाली साधन हुन सक्तछ । यसले विविध प्रकारका कार्यहरूको सारतत्व निकालेर त्यसलाई सबको अगाडि पेश गर्नेछ र यसरी जनतालाई ती सब अनगिन्ती बाटोहरूमा अथक रूपले अघि बढ्न प्रोत्साहित गर्नेछ । ती सबै त्यसैगरी क्रान्तितिर लागेका हुन्छन्, जसरी सारा सडकहरू रोमतिर लागेका हुन्छन् । हामी नाउँ मात्रैको एकता चाहँदैनौ भने हामीले यस्तो व्यवस्था गर्नुपर्दछ । यसबाट सबै स्थानीय अध्यनमण्डलहरूले आफ्नो शक्तिको, भनौं, एक चौथाइ भागलाई साझा उद्देश्यको लागि सक्रिय कार्य गर्नमा तुरुन्तै लगाऊन् र अखबारले उनीहरूलाई तुरुन्तै यस उद्देश्यको आम रूपरेखा, विस्तारक्षेत्र र प्रवृति बताउन थालोस् ।

अखबारले उनीहरूलाई अखिल रसियाली गतिविधिमा सबभन्दा बढि अनुभव गरिएका त्रुटीहरूको र कहाँकहाँ आन्दोलनको अभाव छ र कहाँकहाँ सम्पर्कहरू कमजोर छन् भन्ने ठीक ठीक सूचना दिने छ । उही अखबारले एक विशाल आमयन्त्रमा कुनचाहिँ अध्ययनमण्डलले कुन पुर्जा मरमत गर्ने हो अथवा त्यसको ठाउँमा त्यो भन्दा राम्रो पुर्जा लगाउन सक्तछ भन्ने कुरा देखाउनेछ । त्यसपछि अझै काम गर्न नथालेको, तर कामको खोजीमा मात्र लागेको एक अध्ययनमण्डलले "उद्योग" मा पहिले पहिले भएका विकासहरूको बारेमा अथवा उद्योगमा प्रचलित उत्पादन विधिहरूको आमस्तर सित अनभिज्ञ, छुट्टै रहेको सानो ज्यासलमा काम गर्ने कालिगढ जस्तो नभई एक यस्तो व्यापक व्यवस्थाको सहभागीको रूपमा काम गर्न सक्नेछ, जसले एकतन्त्रमाथि पूरै आम क्रान्तिकारी आक्रमणलाई प्रतिबिम्बित गर्दछ । प्रत्येक सानो पुर्जाको बनोट जति बढी त्रुटिहीन हुन्छ र समान ध्येयमा लागेका सानातिना कार्यकर्ताहरूको सङ्ख्यामा जति ठूलो हुन्छ, हाम्रो सङ्गठनको जाल उत्तिकै सुगठित हुनेछ र अवश्यम्भावी पुलिस हमलाको बेलामा हाम्रा ताँतहरूमा उत्तिकै कम अव्यवस्था फैलिनेछ ।

अखबार वितरण गर्ने कामले मात्रै पनि वास्तविक सम्पर्क स्थापना गर्न सकिनेछ (त्यो अखबार अखबार भनिन् योग्य छ भने अर्थात् त्यो कुनै मोटो पत्रिका जस्तो महिनामा एक पटक प्रकाशित नभएर कम्तीमा पनि हप्ताको चार पटक नियमित रूपमा प्रकाशित हुन्छ भने) । हाल, क्रान्तिकारी कामको सिलसिलामा शहरहरूको बीचमा सम्पर्क अत्यन्त दुर्लभ छ, यस्तो सम्पर्क भेट्टाइन्छ नै भने पनि मात्र अपवादको रूपमा । हामीसित अखबार छ भने यस्तो सम्पर्क एक नियम बन्न जानेछ र स्पष्टै छ, अखबारको वितरण मात्र हुने होइन (त्यो भन्दा पनि बढी महत्वपूर्ण कुरा त के छ भने) अनुभवको सामाग्रीको, शक्तिहरूको र साधन स्रोतको आदानप्रदान पनि सुनिश्चित हुनेछ । सङ्गठनात्मक कामले तुरुन्तै धेरै व्यापक विस्तारक्षेत्र प्राप्त गर्नेछ । र, एक ठाँउमा प्राप्त सफलताको अरु बढि दक्षता प्राप्त गर्न स्थायी प्रोत्साहनको काम गर्नेछ ।

यसले मुलुकका अरु भागहरूमा काम गर्ने कमरेडहरूद्वारा प्राप्त अनुभवलाई उपयोग गर्ने इच्छा जगाउनेछ । स्थानीय काम अहिले भएको भन्दा कता हो कता बढि सार्वाङ्गीण र विविधतापूर्ण हुनेछ । सम्पूर्ण रुसभरीबाट सङ्कलित राजनीतिक तथा आर्थिक भण्डाफोरका कार्यहरूले सबै व्यवसायमा लागेका र विकासका सबै चरणहरूका मजदूरहरूका लागि बौद्धिक भोजन प्रदान गर्नेछ । अत्यन्त विविध विषयमा प्रवचन तथा पठन-पाठनका लागि साम्रगी र अवसर उपलब्ध गराउनेछ । वैधानिक अखबारहरूमा दिइएका ईशारा, समाजमा चल्ने चर्चा र सरकारका "लज्जालु" वक्तव्यहरूद्वारा यी प्रश्नहरूको पुष्टि हुन जानेछ । हरेक बिस्फोट, हरेक प्रदर्शनमाथि रुसको प्रत्येक भागमा रहेक पक्षबाट विचार-विमर्श हुनेछ । यसको गुण दोषको मूल्याङ्कन गरिनेछ । यस प्रकारको अरुभन्दा पछि नपर्ने र अझ अरुलाई उछिन्ने समेत इच्छा पैदा गर्नेछ (हामी समाजवादीहरू कुनै पनि किसिमले सबै प्रतिद्वन्द्विता अथवा सबै "प्रतियोगिता" लाई ठाउँ अस्वीकार गर्दैनौं !) ।

पहिलो पटक जुन कुरा स्वस्फूर्त रूपले प्रकट भए जस्तो लाग्थ्यो, त्यस कुरालाई सचेत रूपले तयारी गर्ने इच्छा पैदा हुन थाल्छ । कुनै खास स्थान अथवा विशेष मौकाको उपयुक्त अवस्थाबाट लाभ उठाएर आक्रमणको योजनामा सुधार गर्ने इच्छा बिउँझिन्छ । साथै स्थानीय कार्यको यस पुनरुत्थानले दुःसाहसपूर्वक "अगावै" सम्पूर्ण शक्ति लगाउने र सब मानिसहरूलाई अघि सार्ने प्रवृति देखाउने छैन । जस्तो, अचेल हरेक प्रदर्शन स्थानीय अखबारको प्रत्येक अङ्क निकाल्ने सिलसिलामा प्रायःजसो हुनेगर्छ । एकातिर त पुलिसलाई हाम्रा "जराहरू" सम्म पुग्न अघिभन्दा ज्यादा कठिन हुनेछ, किनभने यी जराहरू कुन टोलमा खन्नेहो भन्ने कुरा उसलाई थाह हुँदैन । अर्कोतिर, नियमित रूपले हुने साझा कार्यले गर्दा हाम्रा मानिसहरूले कुनै खास हमलाको शक्तिलाई आम सेनासित सम्बन्धित टुकडीको तागतअनुसार घटाउन-बढाउन सिक्नेछन् (हाल यसरी घटबढ गर्न सकिन्छ भन्ने कुरा झण्डै कसैले कहिल्यै सोच्दैन, किनभने दशोटामा नौओटा यस्ता आक्रमणहरू स्वस्फूर्त रूपले हुने गर्दछन्) । यस्तो नियमित साझा कार्यले कागतपत्रहरू मात्र होइन, क्रान्तिकारी शक्तिहरूलाई पनि एक ठाउँबाट अर्को ठाउँमा "सार्न" सजिलो पार्नेछ ।

अहिले ज्यादा जस्तो यी शक्तिहरूलाई सीमित स्थानीय काममा खेर फालिँदैछ, तर हामीले छलफल गरिरहेको अवस्थामा एक सक्षम आन्दोलनकर्ता अथवा सङ्गठनकर्तालाई देशको एक छेउबाट अर्को छेउमा स्थानान्तर गर्न सम्भव हुनेछ र यसो गर्ने मौका लगातार देखापरिरहनेछ । पार्टीको खर्चमा पार्टीको काममा सानसाना यत्राहरूदेखि सुरु गरेर, कमरेडहरू पार्टीद्वारा आफ्नो खर्च बेहोरिने कुरामा अभ्यस्त हुनेछन् । पेशेवर क्रान्तिकारी बन्न र आफूलाई सच्चा राजनीतिक नेता बन्न तालिम गर्नका लागि अभ्यस्त हुनेछन् ।

अनि हामी साँच्चै त्यस स्थितिमा पुग्न सक्यौं भने जब स्थानीय समितिहरू, स्थानीय डफ्फाहरू र अध्ययन मण्डलहरूका सबै अथवा कम्ती पनि उल्लेखनीय बहुसङ्ख्याले समान ध्येयका लागि सक्रिय कार्य गर्न थाल्दछन् । हामीले निकट भविष्यमा नै रुसभरि दशौं हजार प्रतिको नियमित वितरणका लागि एक साप्ताहिक अखबार निकाल्न सक्नेछौं । यो अखबार कामीको त्यस ठूलो खलाँतीको एक भाग हुनेछ जसले वर्गसङ्घर्षको र जन क्षोभको प्रत्येक झिल्कालाई आम अग्निज्वालामा बदल्नेछ । यस कुराको वरिपरि, जुन स्वयम्मा अझै एक ज्यादै कलिलो र ज्यादै सानो तर नियमित र पूर्ण अर्थमा साझा प्रयास हो । परीक्षित योद्धाहरूको नियमिति सेना व्यवस्थित रूपले भेला हुनेछ र शिक्षा प्राप्त गर्नेछ । यस आम सङ्गठनात्मक संरचनाका भऱ्याङहरू र खटमा चाँडै नै हाम्रा क्रान्तिकारीहरूबाट सामाजिक-जनवादी जेलाबोभहरू र हाम्रा मजदूरहरूबाट रसियाली बेबेलहरू विकसित भएर अगाडि आउनेछन्, जसले एकगठ गरिएको सेनाको नेतृत्व सम्हाल्नेछन् । र, सम्पूर्ण जनतालाई रुसको कलङ्क र अभिशापित हिसाब छिनोफानो गर्न बिउँझाउने छन् ।

* * *

"हाम्रो धोको हुनुपर्दछ !" मैले यी शब्द लेखें र झसङ्ग भएँ । मलाई लाग्यो, म "एकता महाधिवेशन" मा बसेको छु र मेरो अगाडि 'राबोचेये जेला' का सम्पादकहरू र सहयोगीहरू बसेका छन् । कमरेड मार्तिनोभ उठ्छन् र मतिर फर्केर कठोर स्वरले भन्दछन्-"श्रीमान, मलाई एउटा कुरा सोध्ने अनुमति दिनोस्, के एक स्वायत्त सम्पादक मण्डलले अगावै पार्टी समितिहरूको राय नलिइकन सपना देख्ने अधिकार राख्दछ ?" उनीपछि कमरेड क्रिचेभ्स्की उभिन्छन् र (धेरै अघि नै कमरेड प्लेखानोभको विचारलाई बढी गहन बनाउने कमरेड मार्तिनोभको विचारलाई दार्शनिक रूपले गहन बनाउँदै) अझ बढि कठोर स्वरमा भन्दछन्-"म अझ अगाडि जान्छु । म सोध्छु, के एक मार्क्सवादीलाई सपना देख्ने कुनै अधिकार छ, जबकि उसलाई थाह छ, मार्क्सको भनाइअनुसार मानवजातिले सधै आफू समक्ष यस्तो उद्देश्य राख्दै आएको छ, जुन उसले पूरा गर्न सक्तछ र के पनि थाह छ भने कार्यनीति नै पार्टी कार्यहरूको विकासको प्रक्रिया हो, जुन पार्टी विकासको सँगसँगै बढ्दछन् ?"

यी कठोर प्रश्नको विचारसम्मले पनि मलाई कम्प छुट्दछ र कता लुक्ने हो भन्ने बाहेक अरु कुनै कुरा मेरो दिमागमा आउँदैन । अनि म पीसरेभको पिठ्यूँपछाडि लुक्ने कोशिश गर्दछु ।

धोको र वास्तविकताको बीचमा देखा पर्ने फोटोबारे पीसरेभले लेखेका थिए, "फाटो र फाटोमा अन्तर हुन्छ । मेरो धोको स्वाभाविक घटनाक्रमभन्दा अगाडि बढ्न सक्छ अथवा ठ्याम्मै अर्को दिशामा लाग्न सक्छ, जतातिर घटनाक्रमको स्वाभाविक प्रवाह कहिल्यै जान सक्दैन । पहिलो स्थितिमा मेरो धोको कसैको लागि हानिकारक हुन सक्तैन । बरु, यसले श्रमजीवी मानिसको क्रियाशीलतालाई समर्थन र बढावा नै दिनेछ । ....यस्तो धोकोमा श्रमशक्तिलाई बहकाउने अथवा निस्कृय पार्ने कुनै कुरा हुँदैन । अझ यसको उल्टो, मानिसलाई यस प्रकारको कल्पना गर्ने क्षमताबाट बञ्चित गरियो भने, ऊ समय समयमा घटनाहरूभन्दा अघि बढ्न र जुन कुरा तयार गर्नमा उसले भर्खर हात हालेको छ, मनमनै त्यसको पूर्ण तस्वीर बनाउन सक्दैन भने म कल्पनासम्म पनि गर्न सक्तिन । मानिसलाई कला, विज्ञान तथा व्यवहारिक प्रयासको क्षेत्रमा व्यापक तथा श्रमसाध्य कार्य लिन र त्यसलाई पूरा गर्न प्रेरणा कहाँबाट मिल्नेछ . . . कल्पना गर्ने मानिस आफ्नो कल्पनामा साँच्चिकै विश्वास गर्दछ भने, उसले जीवनको ध्यानपूर्वक अवलोकन गर्दछ भने, आफ्ना अवलोकनहरूलाई कल्पनामा महलहरूसित तुलना गर्दछ भने र आमरूपमा भन्दा ऊ आफ्ना कल्पनाहरूको परिपूर्तिका लागि इमान्दारीपूर्वक काम गर्दछ भने धोको र वास्तविकता बीचको फाटोले कुनै हानी गर्दैन । मान्छेको धोको र जीवनबीच कुनै सम्बन्ध छ भने सब कुरा ठीक छ ।"

दुर्भाग्यवश हाम्रो आन्दोलनमा यस किसिमको कल्पनाको उडान ज्यादै कम भेट्टाइन्छ । यसको लागि सबभन्दा ठूलो जिम्मेवारी तिनै मानिसहरूमा छ, जो आफ्ना सन्तुलित विचारहरूको धाक लगाउँछन्, "ठोस वास्तविकतासित" तिनको कति "निकटता" छ भन्ने धाक लगाउँछन्, अर्थात् वैधानिक आलोचना र अवैधानिक "पुच्छरवाद"का प्रतिनिधिहरू नै यसको लागि सबभन्दा बढी जिम्मेदार छन् ।

*(के गर्ने ? पुस्तकबाट)*

# सङ्ग्रामसिंहको मृत्यु



● ऋषिराज बराल ●

**एकपल्ट चारैतिर हेरें र सङ्ग्रामसिंहको अनुहारमा हेरें । चैनपुर मोर्चापछि सङ्खुवासभाको सभापोखरीमा छुट्टिने बेला उसले भनेको सम्झिएँ– 'अर्को मोर्चामा सँगै जाने भन्नुभएको छ नि विज्ञान सर !'**

**० ० ०**

**बस्न मन लागेन त्यहाँ । फटाफट लागें । अलि पर पुगेर हेरें । धुवाँको मुस्लो माथिमाथि उठिरहेको थियो । कालो मुस्लोको बीच पनि टल्किरहेका उसका दुइटा आँखा म देखिरहेको थिएँ ।**

संवेदना भन्ने चिज पनि अचम्मको हुँदो रहेछ । पहिलेपहिले सानो घटनाले पनि मन उद्वेलित हुने, पछि त विस्तारै यो पनि मर्दो रहेछ । न आँखालाई छुने, न मनलाई । के भएको यस्तो ! मान्छेको छाती पनि थाहै नपाई मर्दो रहेछ, केहीले पनि नछुने । सबै स्वाभाविक र सामान्यजस्तो लाग्ने ।

यस्तैयस्तै बेला एकाविहानै एक जना पुराना मित्रको फोन आयो । एक कालखण्डमा हामी सँगै थियौँ–पुर्बेली अभियानमा । हाम्रो राम्रै दोस्ती थियो । तर पछिल्ला दिनमा यी मित्रसितको भेट पनि पातलिँदै गएको थियो । उनले गाउँको सबै बेचबिखन गरेर सहरमा डेरा जमाएका थिए । दुखः परेको बेलामा टाउको ओत्न जाने ठाउँ पहाड नै हो भन्ने कुराप्रति मेरो विश्वास मरेको थिएन । अहिले उनी सरकारवादी थिए र म प्रतिवादी ।

'थाहा पाउनु भो'?' फोनमा भूमिका नबाँधी उनले सोधे ।

मैले जिज्ञासा राखें, अहँ भनेर ।

'तपाईंको सङ्ग्रामसिंहको खबर ।'

'बुझिन त'-फेरि जिज्ञासा राखें ।

'आजका पत्रपत्रिका अनलाइनहरू हेर्नुभएन? तपाईं त झन् हेर्ने मान्छे ?'

मैले अघिकै उत्तर दोहोऱ्याएँ । उनी ठट्टा गर्दैछन् भन्ने पनि लाग्यो ।

'सङ्ग्रामसिंह क्या, सङ्ग्रामसिंह, तपाईंको सङ्ग्रामसिंह, चैनपुर मोर्चाको सङ्ग्रामसिंह ।'

अब भने मेरो आँखामा सङ्ग्रामसिंहको अनुहार आयो । उसको बिम्ब आयो । पक्कै यसले केही उट्पट्याङ काम गरेको हुनुपर्छ । पक्कै उसले केही विशेष गरेको हुनुपर्छ–मलाई यस्तै लाग्यो ।

घटनाविवरण सुनेपछि म केही भावुक भएँ । मलाई लाग्यो मभित्रको मान्छे मरिसकेको रहेनछ, अलिकति छेउकुनामा मभित्र बाँचेको रहेछ मान्छे । एक छिन म मौन भएँ । के भनौं, के भनौं भएँ । यो कुनै नयाँ घटना थिएन, यो अहिलेको दैनिकी थियो–तथ्याङ्क निकाल्न पनि नभ्याउने गरी देखिने दैनिकी । मैले उसलाई नजिकैबाट चिनेको हुनाले पो मलाई अलिकति छोएको हो । मरेछ, ऊ । आत्महत्या गर्यो ? कि मारियो ?

'आज बाह्र बजे पार्टी कार्यालयमा श्रद्धाञ्जली सभा ।'

उनको भनाइलाई श्रद्धाञ्जली सभामा निम्तो दिएको अर्थमा बुझें । सबै कुरा औपचारिकतामा सीमित भएका छन् ।

सङ्ग्रामसिंह, हामी एउटै फर्मेसनमा थियौं । पुर्बेली अभियानका दिन थिए ती । ती अर्कैअर्कै दिन थिए-मरे सहिद, बाँचे संसार ।

सङ्ग्रामसिंह मऱ्यो ।

सङ्ग्रामसिंहको मुत्यु भयो ।

कसरी मऱ्यो ऊ ?

साँच्चै कसरी मऱ्यो ऊ !

कि मारियो ?

घोरिने स्थितिमा पुगें म । उसको मृत्युले मात्रै म घोरिएको होइन, स्थितिबोधले मलाई घोरिनुपर्ने बनायो । जीवनका ती क्षणहरू, त्यसपछि उसको जीवनका उकालीओराली, उसको बोली र व्यवहार सबै मेरा सामु उभिए । उसको बिम्ब आयो । मैले उसैलाई लिएर कथा लेखेको थिएँ–'उसको नाम सङ्ग्रामसिंह थियो' । हामी युद्ध मोर्चामा सँगै थियौं–हाम्रो भागमा चैनपुर मोर्चा परेको थियो । बिरामी परेर चैनपुर मोर्चामा जान नपाउँदा ऊ कसरी बेचैन भएको थियो, आफैंमाथि ओइरिएको थियो । जनसेनाकै कतिपय कमरेडहरू भिडन्तमा परिन्छरमरिन्छ भनेर एकएकवटा बहाना बनाएर सेल्टरमै बस्थेरबसेका हुन्थे, ऊ चाहिँ मोर्चामा जान नपाएकोमा छट्पटिएको थियो, आफैंलाई चिथरौंलाझैं गर्थ्यो । लेखेको रहेछु ।

'मेरो घर दोलखा जिल्ला हो सर ! म थामी जातको हुँ । बा एउटा उप्रेती बाहुनकाँ हली थिए । मैले आमालाई देख्न पाइँन, म साँनै छँदा खसेकी रे । बा पनि खोक्ने रोगले खसे–दुई दिनकै बेथाले । म पनि त्यसपछि उप्रेतीको घरमा गोठालो बसैं । मर्न नसकेको थियो, बिहानको भने पनि बेलुकाको भने पनि दिउँसो एक छाक खान दिन्थ्यो । अहिले त काँ गाउँमा बस्छ र ? उतै बस्छ काठमाडौंमा । त्यसका त स्वास्नी पनि एउटा मात्रै भए पो । एकपल्ट साह्रै बिरामी परैं । लगेर तल दोभानमा देवीमन्दिरमा पो छाडिदियो । मर्न नसकेको बज्या । म त मरिसकेको थिएँ सर । पार्टीले जीवन दियो । अब मेरो घर भने पनि पार्टी, आमा भने पनि पार्टी, बा भने पनि पार्टी । पहिले त कहाँ यस्तो थिएँ र मरन्च्याँसे थिएँ । खान पा' भा' पो । अहिले पो पार्टीले यस्तो लक्का जवान बनायो । तर खोइ, खानु मात्र भयो । जान पाइएन ।'

उसले आफ्नो परिचय यसरी खुलाएको थियो । सबै थोक छ उसको कथनमा–जीवन, प्रतिबद्धता, पीडा र छटपटी ।

अहिलेको यो समाचारले मलाई साँच्चिकै भावुक बनायो । मऱ्यो ? कसरी मऱ्यो ? मारियो ? जिज्ञासा त थियो नै, त्यो भन्दा पनि उसको समग्र जीवन, उसका आकाङ्क्षाहरूले मलाई बढी घोच्न थाले । चैनपुर मोर्चापछि सिन्धुली भिमान मोर्चाको तयारीका लागि उसको कम्पनी फर्कियो र हाम्रो टोली सभापोखरी हुँदै ताप्लेजुङतिर लागेको थियो ।

समय अर्कैअर्कै भयो । राजनीतिको गति र दिशा मोडियो । त्यसपछि एकै चोटि हाम्रो भेट काठमाडौंमा भएको थियो–पाँच वर्षपछि । पहिलेभन्दा अलि अग्लो भएछ, मान्छेमान्छे भएछ । मोटाएछ पनि । निकै खुसी देखियो मलाई भेटेर । भेट हुनेबित्तिकै उसले फेरि सुनाउन थाल्यो– 'झन्डै दुस्मनको एम्बुसमा नपरेको हगि सर ?' मलाई केही भन्न नदिई भिमान सुनायो, रूम्जाटार सुनायो, लाहान सुनायो ।

'अग्ले त भाग्यो नि सर ।'

सेनामै अग्ले भन्ने पात्र थियो, परिरहन्थ्यो ऊसित ।

विगत सुनाउँदा ऊ निकै खुसी देखिन्थ्यो र वर्तमानमा आएपछि अडकिन्थ्यो–बेगले बगेको नदी अचानक बगरभित्र हराएझैं । मलाई हेर्थ्यो जिज्ञासाले । ऊ मबाट के कस्तो उत्तर खोजिरहेको छ भन्ने कुरा म सहजै अनुमान गर्थें । उसको अनुहारले के सुन्न चाहिरहेको छ भनेर सहजै बुझ्न सकिन्थ्यो । नबोली, म हाँसेर उत्तर दिन्थें, रेडिमेड उत्तर-राजनीति टेढोमेढो बाटो भएर अघि बढ्छ, कमरेड ! केही पीडा, अनि केही केही जिज्ञासाले पोतिएको हुन्थ्यो उसको अनुहार ।

ऊ बडे कमरेडहरूको सुरक्षा टोलीको कोर टिममा परेको थियो ।

क्यान्टोन्मेन्टमा जाने निर्णय भएको दिन उसले मलाई फोन गरेर सोधेको थियो– 'अब के हुन्छ सर ! लडाइँ सिद्धियो त अब ?'

उसलाई लिएर म एउटा कुराको टुङ्गोमा पुगेको थिएँ । पार्टी राजनीतिको गति र दिशालाई लिएर ऊसित थुप्रै प्रश्नहरू छन् र ऊ वर्तमानसित सन्तुष्ट छैन भन्ने कुरा बुझ्न सकिन्थ्यो । पछाडि फर्किन पनि नसकिने र अगाडि कहाँ पुगिन्छ भन्ने टुङ्गो नभएको अँध्यारो सुरुङको यात्राझैं भएको थियो हाम्रो हिँडाइ । मेरा भनाइहरूले उसको तरल मानसिकतालाई चित्त बुझाउन सकेका छैनन् भन्ने कुरा मलाई थाहा थियो । राम्ररी थाहा थियो ।

एक दिन उसले मसित भेट्छु भन्यो । पार्टीभित्र दुई लाइन सङ्घर्ष तीव्र बनेको थियो । मेरा लेखहरू पढेपछि सायद उसको छाती हुँडलियो होला । 'अब फोहोरमैलामा बसिँदैन'–फोनमै उत्तेजित भयो ऊ । मलाई सबै कुरा भनेर, सुनाएर ऊ आफ्नो मनलाई शान्त पार्न चाहन्छ भन्ने लाग्यो । मलाई थाहा थियो भेट हुनेबित्तिकै उसको आक्रोस र आवेग नेताहरूमाथि नै हुनेछ भनेर ।

'यिनले धोका दिए सर ! '

'यिनले सहिदको रगतसित खेलवाड गरे सर! '

मसित भेट हुँदा प्राय गरेर उसले भन्ने गरेका शब्दहरू नै दोहोऱ्यायो यसपल्ट पनि उसले ।

विस्तारै भन्यो–'सर हुन्छ भनिदिनोस्, म सबै व्यवस्था गर्छु ।'

'सर अमुकअमुक नेता छउन्जेल यो पार्टी अघि बढ्दैन, बिगार्ने यिनै हुन्, पहिले यिनलाई सिध्याउनुपर्छ, यिनलाई ।'

त्यहीं गोली ठोकौंलाझैं गर्नथाल्यो ।

मैले गम्भीर भएर उसको अनुहारमा हेरें ।

'हो सर ! '

आवेगमा थियो ऊ ।

'थुप्रै साथीहरू छन् मसित । हतियारको चिन्ता नगर्नु न सर, हतियार हामी तयार पार्छौं, सरले हुन्छ मात्र भनिदिनोस्, हाम्रो नेतृत्व गरिदिनुस्, अरूमाथि हामीलाई विश्वास छैन । पार्टीलाई ध्वस्त पार्ने, सहिदको रगतसित खेल्नेलाई पहिले ठीक पार्नुपर्छ । एउटा प्लाटुन बराबर हतियार पनि हुन्छ, सेना पनि बन्छ !'

के भन्छ यो ? म अलिअलि डराए पनि । शङ्का/आशङ्का एकैचोटि देखापरे । यो सङ्ग्रामसिंह हो, यो उसको हृदयको बोली हो-उसको निर्दोष बुझाइ । उसको भनाइलाई मैले क्रान्तिप्रतिको उसको स्वाभाविक चिन्ताको रूपमा लिएँ । सबै कुरा सम्झाएँ । वैचारिकदेखि समग्र स्थितिबारे विश्लेषण गरैं–' यसरी आवेग र आक्रोसले मात्र हुँदैन कमरेड ! क्रान्तिले धेरै कुरा खोज्छ....।'

मेरो भनाइले उसको चित्त बुझेको छैन भनेर उसको अनुहारले भनिरहेको थियो ।

'सर डराउनुभयो । सरले हाम्रो नेतृत्व मात्र लिइदिनुस् हामी गर्नुपर्ने सबै गर्छौं ।'

'सर, सोच्नु होला ।'

अँध्यारो अनुहार लिएर हिँड्यो ऊ ।

मूल पार्टी फुट्यो । नयाँ पार्टीमा सङ्ग्रामसिंह हामी सँगै थियौं । खुसी थियो, उत्साहित थियो–'अब केही हुन्छ सर !'

तर भनेजस्तो भएन । क्रान्ति गर्न भनेर फुटेको पार्टी फेरि फुट्यो ।

' बुढाहरूले केही नगर्ने भए, अमुकको नेतृत्वमा अब फेरि बन्दुक उठ्छ सर ! जनयुद्धबाहेक बाटो छैन, अब जनयुद्ध लडिन्छ, अब गर्ने भनेको हामी युवाहरूले नै हो !'

उ निकै खुसी देखिन्थ्यो ।

एक दिन अचानक बाटोमा भेट भयो । मतिर आक्रोसित हुँदै उसले भन्यो- 'खुब क्रान्तिकारी कुरा गर्नुहुन्थ्यो, लेख्नुहुन्थ्यो । सबै नक्कली रहेछ, तपाईंको लेखन । मन्त्री हुन, ठूलो पद पाउन, गाडी चढ्न क्रान्तिकारी पार्टीमा नआउनु भएको होइन ? बुद्धिजीवी भनेका यस्तै हुन्छन् । '

ऊ त बाटोमै उफ्रिन थाल्यो । अब क्रान्ति हुन्छ, सबै तयारी छ, फौजी तयारी पनि छ । ऊ निकै विश्वस्त थियो, उसका नेता र उसले गर्ने क्रान्तिप्रति । बाटोमा के बहस गर्नु थियो र । ब्यङ्ग्य मुस्कुराउँदै म हिँडे ।

त्यसपछि धेरै दिनसम्म उससित भेट भएन । मैले पनि त्यति खोजीनिती गरिन । एक दिन अचानक फोन आयो, उसले भेट्नुछ भन्यो ।

भेट्दा उसको अनुहारमा पहिलेजस्तो कान्ति देखिँदैनथ्यो । हारेको सिपाहीझैं थियो उसको अनुहार– उदास र मलीन । थकाइले लखतरान भएजस्तो, जीउ पनि सुकेजस्तो थियो । आगोजस्तो झर्झराउँदो मान्छे, कति कमजोर भएछ । बिरामी परेछ क्यार भन्ने लाग्यो ।

'सरले भनेको ठीक रहेछ, त्यसले पनि धोका दियो, पार्टी फुटाउने बेलामा बन्दुक बोक्ने कुरा गर्थ्यो, केको हुन्थ्यो । सबै भ्रम रहेछ, ढाँट रहेछ, केको बन्दुक उठाउनु ? बन्दुक उठाउने धाकधम्की दिएर पैसा उठाउने पो रहेछ । काँ जान्छ त्यो पैसा था' पनि छैन । बाहिर एउटा कुरा, भित्र अर्कै । चर्का भाषणभित्र अर्कै रहस्य र'छ सर, धोका खाइयो सर ! धोका खाइयो ।'

मलाई भेटेर कतिबेर यी कुरा सुनाऔं भएजस्तो गरी एकै सासमा भनिसिध्यायो उसले ।

'हाम्रो प्रयोग गरे, हामीलाई धोका दिए सर ! सबैले ।'

स्वाँ गऱ्यो । पीडा थियो बोलीमा ।

क्रान्तिमा धैर्य गनुपर्छ भन्नुबाहेक मसित भन्ने अरू कुरा थिएनन् । विचार र क्रान्तिकारी आशावादिताबाहेक तत्कालै उसलाई दिने कुरा मसित थिएन ।

त्यसपछि उसको र मेरो भेट भएन उसले फोन पनि गरेन ।

बीचमा कसैले ऊ माउ पार्टीमै फर्कियो भनेको सुने, फेरि कसैले ऊ पार्टीसार्टी छोडेर अन्तैतिर लाग्यो भनेको पनि सुनें । यस्तो सुन्नेरसुनाउने कुरा पनि ठट्टा बन्नथालेका थिए ।

समयसँगै पुरानो हुँदैगएको, तर बिर्सन नसकिने पात्र बनेर सङ्ग्रामसिंह मसित बेलाबेलामा मभित्र कुराकानी गर्थ्यो । पछाडि फर्केर हेर्दा सबैभन्दा पहिले उही अगाडि आउँथ्यो । युद्ध, क्रान्ति, जीवन, भविष्यचिन्ता र चिन्तनले मेरो छाती हुँडलिँदा सङ्ग्रामसिंह मभित्रबाट निस्केर सामु उभिन्थ्यो । म एकैचोटि थुप्रै सङ्ग्रामसिंहहरू देख्थें । बिर्सन खोज्दा पनि मभित्रै, मसितै बाँचेको थियो ऊ ।

तर अहिले त्यही सङ्ग्रामसिंह श्रद्धाञ्जली दिनुपर्ने पात्र बनेको थियो ।

ऊ त एक वर्षअघि नै अरबको तातो खान गएको रहेछ । एकसमयको कम्पनी भिसी सङ्ग्रामसिंह अरबको तातो खान गएको बेला उतै बिलाएछ । समाचारमा आँखा गएको तर, ध्यान नदिएको पात्र बनेछ ऊ । चैनपुर मोर्चाको सशस्त्र गुल्म कब्जाको मोर्चामा भिड्न नपाएकोमा दुख मनाउ गर्ने, क्रान्तिका लागि फेरि बन्दुक बोक्छु भनेर प्रतिबद्धता जाहेर गर्ने, धोकेबाज नेताहरूलाई गोली ठोकेर क्रान्तिको नयाँ अध्यायको थालनी गर्नुपर्छ भनेर मुट्ठी कस्ने सङ्ग्रामसिंह इतिहास भएछ । बिलाएछ मरुभूमिमा !

एकथरीको भनाइमा ऊ पलायन भएको रहेछ ।

अब उसको मृत शरीर मात्र थियो । त्यो तातो मान्छे, त्यो रातो मान्छे रङ्गहीन लासमा परिणत भएको थियो ।

निभेको उसको शरीर माला र अबिरले ढाकिएको थियो । बोल्न पनि मन नलागेको जस्तो गरी एकजना नेता बोलिरहेका थिए–श्रद्धान्जलीको भाषा । कति कृत्रिम ! कति नाटकीय ! सबै देखावटी जस्तो लाग्यो मलाई । लाग्यो, सङ्ग्रामसिंहका आँखाले व्यङ्ग्यले मलाई हेरिरहेका छन् । उसका आँखामा हेर्दाहेर्दै थुप्रै आँखाहरूले मलाई घेरे– भूपी सेरचनको कविता 'सधैंसधैं मेरो सपनामा' झैं । साँच्चै कसले माऱ्यो उसका सपनालाई ? छाती दुखेजस्तो भयो ।

एकपल्ट चारैतिर हेरें र सङ्ग्रामसिंहको अनुहारमा हेरें । चैनपुर मोर्चापछि सङ्खुवासभाको सभापोखरीमा छुट्टिने बेला उसले भनेको सम्झिएँ- 'अर्को मोर्चामा सँगै जाने भन्नुभएको छ नि विज्ञान सर !'

लामो उच्छ्वास निस्कियो भित्रैबाट र अस्पष्ट बोली–'सङ्ग्रामसिंह कमरेड ! अर्को मोर्चामा सँगै जाने हो, कहाँ सकिएको छ र लडाइँ, अन्तिम मोर्चा त लड्नै बाँकी छ ।'

थाहा भएन मलाई, त्यतिबेर मेरो अनुहारको रङ्ग कस्तो थियो । पक्कै यो आगोको राप अगाडि उभिएको मान्छेको जस्तो भएको हुनुपर्छ ।

बस्न मन लागेन त्यहाँ । फटाफट लागैं । अलि पर पुगेर हेरें । धुवाँको मुस्लो माथिमाथि उठिरहेको थियो । कालो मुस्लोको बीच पनि टल्किरहेका उसका दुइटा आँखा म देखिरहेको थिएँ । *(जनमेल डटकमबाट)*



## निर्वाचनको...

छैन । मोर्चाले जिल्लाका लागि विचार, राजनीति र आफ्नो प्रतिबद्धतामा कहिँ कतै सम्झौता नगरेको कुरा जग जाहेर छ । यो पश्चगामी संविधान र प्रतिकृयावादी व्यवस्थाको विकल्पमा खडा भएको क्रान्तिकारी शक्तिले प्रतिक्रान्तिको हवा हुरी चलेको, चौतर्फी घेराबन्दी गरिएको, कालोधनको खोलो बगाइएको स्थितिमा अहिलेको चुनावमा जित हासिल गर्न सकिन्छ भन्ने भ्रममा कोही पनि थिएन ।

**मतदातामा भ्रम**

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको मुख मै आएर लागु गर्ने नसक्ने र गर्दै नगर्ने प्रलोभन, कालोधनको अनियन्त्रित चलखेल, "एउटै कम्युनिष्ट पार्टी बनाउनका लागि चुनावी गठबन्धन गर्ने" भन्ने एमाले र माकेको प्रचारबाजीले मतदातालाई निकै भ्रमित तुल्याएको पाइयो । क्रान्ति, राष्ट्र र जनतालाई पटक पटक धोका दिँदै आएका एमाले र माओवादी केन्द्र कसरी रातारात वामपन्थी बन्न पुगे ? त्यति ठुला बलिदानपूर्ण संघर्षमा सहभागी हुँदै आएका र, ऐतिहासिक जनआन्दोलनमा सकृय रहेका नेपाली जनता किन यति पनि बुझ्न नसकेर यस्तो भ्रममा परे, त्यसका सबै पाटा पक्षको नाली बेली थाहा पाउन त समय नै लाग्ने छ ।

जहाँसम्म नेपाली काँग्रेसको पक्षमा मतदाताको एउटा ठुलो हिस्साले मतदान गरेन, यसलाई नेपाली काँग्रेसको प्रतिकृयावादी चरित्रलाई मतदाताहरुले बुझेको भन्ने पनि अर्थ लगाउन सकिन्छ । तर, पश्चगामी संविधान, प्रतिकृयावादी राज्यसत्ता र संसदीय व्यवस्थालाई बुझ्ने आदि सबै आधारभुत विषयमा नेकाभन्दा फरक नभएको कथित वाम गठबन्धनको पक्षमा यति धेरै आसा गरेको देखाउनु, यसका बिरुद्ध संघर्ष गर्दै आएको र गर्छ भन्ने लागेको शक्तिलाई समर्थन गर्न नसक्नु मतदाताको कमजोर पक्ष भएको देखिन्छ ।

माथि जुन विश्लेषण गरियो, मतदानमा खसेका मतलाई आधार बनाएर गरिएको विश्लेषण मात्र हो । एउटा प्रतिकृयावादी व्यवस्था अन्तर्गत हुने निर्वाचनमा जनता कुन कारणले, कुन परिस्थितिमा कुन पार्टीलाई भोट हाल्न पुग्छन् भन्ने कुरा अलग विषय हो । यी सबै विषयलाई केवल चुनावमा खसेका भोटबाट मात्र मापन गर्न सकिँदैन ।

**वैकल्पिक शक्तिको आवश्यकता**

यसलाई संयोग भन्ने हो कि विडम्बना, नेपाली जनताले २०५२ सालमा हतियार उठाउँदा एमालेकै नेतृत्वको सरकार थियो । त्यसपछि नेकाको सरकारले सेना परिचालन गर्ने, संकटकाल घोषणा गर्ने र माओवादी नेताको टाउकाको इनाम घोषणा पनि एमाले के सहयोगमा गरेको तथ्यको इतिहास साक्षी छ । गणतन्त्रको स्थापना भएपछि पनि पटक पटक यिनै पार्टीले सरकार बनाए र चलाए ।

यो पनि एउटा बिडम्बना नै हो कि माओवादी केन्द्र केही बर्षदेखि यही पंक्तिमा, यही कित्तामा सामेल भएको छ । मुख्यतः यिनै तीनवटा पार्टी मिलेर जारी गरेको संविधानले जनक्रान्तिको, जनआन्दोलनको, जनजाति, मधेशी आन्दोलनको मागलाई सम्बोधन गरेको छैन । जनक्रान्तिको प्रमुख माग जनगणतन्त्र हो, त्यसलाई खारेज गरिएको छ । २०५२ सालमा जनयुद्ध सुरु हुँदा नेपालमा संसदीय लोकतन्त्र नै थियो । जनयुद्धको घोषणा गरिएको पर्चा र पोष्टरहरूमा राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गरी जनगणतन्त्रको स्थापना गर्ने उद्देश्य रहेको स्पष्ट गरिएको छ । सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने संसदीय व्यवस्थाका बिरुद्ध सुरु भएको जनयुद्ध अहिले आएर त्यही वर्गको प्रतिनिधित्व गर्ने संसदीय व्यवस्थाको संविधान जारी गरेर यसैलाई "सबैभन्दा ठुलो उपलब्धि" भएको र यही संविधानलाई लागु गर्नु पर्ने हल्ला मच्चाइएको छ । फरक मात्र यति छ कि पहिले सामन्त वर्गको भूमिका प्रधान अनि दलाल र नोकरशाही पुँजीपति वर्गको भूमिका सहायक थियो भने अहिले दलाल र नोकरशाही पुँजीपति वर्गको भूमिका प्रधान र सामन्त वर्गको सहायक बन्न गएको छ । पहिलेको संविधानमा संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था थियो भने अहिले त्यसको ठाउँमा जुन लोकतान्त्रिक संसदीय गणतन्त्र शब्दको उल्लेख गरिएको छ, त्यो जनगणतन्त्रको विपरीत व्यवस्था हो । जहाँ कथित लोकतान्त्रिक गणतन्त्र हुन्छ, त्यहाँ पनि जनगणतन्त्रको स्थापनाका लागि त्यो गणतन्त्रलाई खारेज गर्ने संघर्ष गर्नु अनिवार्य हुन्छ । दलाल, नोकरशाही पुँजीपति र सामन्त वर्गको हातमा सत्ता भएको नेपाल जस्तो उत्पीडित राष्ट्रको समस्याको समाधान जनगणतन्त्रले मात्र गर्न सक्दछ भन्ने कुरा विश्वको र नेपालको इतिहासले पुष्टि गरेको छ । हामीलाई विश्व इतिहासले दिएको शिक्षा हो यो । यो कुनै आग्रह वा पूर्वाग्रहबाट भनिएको कुरा होइन ।

मजदुर, किसान, महिला, दलित, मधेशी, जनजाति लगायतको मुक्ति जनगणतन्त्रात्मक व्यवस्थाले मात्र गर्न सक्दछ । नेपालको विशिष्ट स्थितिमा पहिलो चरणमा जनगणतन्त्रको स्थापना गरेर मात्र समाजवादमा जान सकिन्छ । अरु कुनै विकल्प छैन । यो व्यवस्था यही पश्चगामी संविधान अन्तर्गतका चुनावी वा संसदीय बाटोबाट संभव छैन ।

कुनै पनि वस्तु स्थिर भएर रहिरहन सक्दैन, परिवर्तनको प्रकृयाबाट अघि बढि रहन्छ । त्यसै अनुसार एउटा क्रान्तिकारी पार्टी वा मोर्चाका कार्यनीति र संघर्षका स्वरूपहरू पनि बदलिइ रहन्छन् र बदलिरहनु पर्दछ । जनगणतन्त्रको स्थापनालाई केन्द्रमा राखेर नै संघर्षका योजना निर्धारण गरिन्छ । यो समग्र प्रकृया वैज्ञानिक मार्गदर्शक सिद्धान्तमा आधारित सच्चा क्रान्तिकारी पार्टीको नेतृत्व अनिवार्य शर्त हो । नेपालको अहिलेको सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी) नै क्रान्तिकारी विकल्प हो । यही पार्टीले समर्थन गरेको देशभक्त जनगणतान्त्रिक मोर्चा नै क्रान्तिकारी विकल्प हो । आत्मगत पक्ष र सांगठनिक हिसावले यो विकल्प यतिखेर कमजोर छ । तर वैचारिक, राजनीतिक पक्षबाट हेर्दा यही न सही र क्रान्तिकारी विकल्प हो । यही शक्तिलाई मजबुत बनाउन सकेमा मात्र नेपाली समाजको अग्रगामी परिवर्तन संभव छ । चुनावी दृष्टिले विचार गर्दा पश्चगामी शक्तिहरू यतिखेर बलिया र क्रान्तिकारी शक्तिहरू कमजोर जस्ता देखिएका छन् । तर, यो अस्थायी कुरा हो । नेपाली समाजभित्र र अन्तर ष्ट्रिय रूपमा अन्तर्विरोधहरू जसरी विकसित भैरहेका छन्, त्यसबाट केही समयमै पश्चगामी शक्तिहरू कमजोर हुने र क्रान्तिकारी मजबुत हुने कुरा निश्चित छ । तर यो काम स्वतःस्फुर्त रूपमा हुन सक्दैन । यसका निमित्त सबैभन्दा पहिले त क्रान्तिकारीहरू नै दिलो ज्यानले, सकृयतापूर्वक अघि बढ्नु आवश्यक छ ।

## निर्वाचन...

### वाम साथ, देव अन्तरघात !



देशमा वामपन्थी गठबन्धनले सजिलो बहुमत हासिल गर्दा वाम गठबन्धनका हस्ति भनिने नेता वामदेवले चुनाव हारे । हार्नुका पछाडि अनेकन लख काटिए । कसैले 'वामघात' भने त कसैले 'देवघात' । तर कसैले पनि जनघातका कुरा भने उठाएनन् । जनताले भोट त दिएकै हुन्, तर भित्रैकाले अन्तरघात गरे भन्ने सुन्नमा आयो ।

वामदेव आफैमा या त प्रधानमन्त्री या त नवनिर्मित पार्टीका अध्यक्ष भनी आँकलन गरिएका नेता पनि हुन् । उनी एमाले नेता हुन् तर प्रचण्डका निकै निकटस्थ पनि । वाम राजनीतिक बजारमा यो पनि हल्ला थियो कि प्रचण्ड नवनिर्मित पार्टीका अध्यक्ष र वामदेव गौतम प्रधानमन्त्री । यसले खाँटी एमाले वृत्तभित्र भूइँचालो नै ल्यायो । नवनिर्मित पार्टी देख्दा र भन्दा एमाले तर चलखेल प्रचण्डको हुने भएपछि बित्यास त पर्‍यो नै !

आशङ्का, लख र खासखुसको बाक्लो भाडीभित्र एकालाप गर्दै गर्दा वामदेवले एकाबिहाने एक्कासी चिन्ताको चुरोट 'स्वाँक्क' ताने । त्यसैबेला ऋषिधमलाको फोन आयो : 'वामदेवजी जनता जान्न चाहन्छन् वाम गठबन्धनले बहुमत ल्याएपछि प्रधानमन्त्री को ?' वामदेवको चिन्ताको चुरोटले तताएको पारोले जिब्रो फड्कार्न लगाइहाल्यो- 'म' । 'कसरी र केका आधारमा ?' धमलाको आवाज नसिद्धिँदै वामदेव जङ्गिए- 'तात्कालिन माले र मार्क्सवादी मिलाएर एमाले बनाउने मै, माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन पहल गर्ने मै, वाम गठबन्धन निर्माणको सेतु मै, अहिलेसम्मको स्वच्छ छवी मैरै, पार्टीमा सिनियर नेता पनि मै, म नभए को हुन्छ ?' थाह नपाएरै उनको हातबाट ननिभेको चिन्ताको चुरोट भाडीमा खस्यो ।

एफएम् सुन्ने धेरैले त वामदेवको चिन्ताको चुरोट पिउने अब्जसी थुतुनोलाई दोषी देखे । तर कोठाभित्र चुरोट सल्काइएको प्रचण्ड इन्भर्टरको भने कसैले पत्तो पाएनन् । बरु आँखाले देखे- वाम साथ देव अन्तरघात !

### सिटौला कि सिलौटा ?



एक जमाना थियो । सिटौला सेतु थिए, सिकलेस पुगी माओवादीलाई काठमाडौँका लागि अन्माउँदा । उनी त्यसताकाका हाई गृहमन्त्री ! उनी काङ्ग्रेसी सिलौटामाथि अकबरे खुर्सानी, दिल्लीवाले नून र दरवारे कागती मिसाएर स्वादिलो राजनीतिक अचार बनाउन कास्कीको सिकलेस पुगेका थिए । उनको ठूलो हर्कबढाइँ गरिएको थियो त्यहाँ ।

माओवादी काठमाडौँ सिंहदरबारका लागि अन्मिए । शान्ति प्रक्रिया अघि बढ्यो । उनी चर्चामै रहे । यस अवधिमा संविधानसभाका दुईदुईवटा निर्वाचन भए । कागति हरायो । सिंहदरवारमा देखिने गरी मिसिन नपाएको मालदार भेँडे खुर्सानी क्रमशः राजनीतिक रङ्गमञ्चमा अघि बढ्न थाल्यो । तर नून र अकबरे खुर्सानी काङ्ग्रेसी सिलौटामाथि निकै धस्काई धस्काई पिधिरहियो । काङ्ग्रेसी रुखहरूमा अकबरे खुर्सानी फलाउनसम्म पनि प्रयास गरियो ।

विडम्बना ! क्रमशः दिल्लीवाले नून अलि चर्को गरी पठाउन थालियो । नूनको बढ्दो मात्राअनुसार अकबरे र भेँडे खुर्सानी मिसाइएको छ । चर्कै नून परेको नयाँ अचार तयार भएको छ । अचार पिधिसकेपछि सिकलेसका सिटौलालाई सिलौटा बनाई एक कुनामा घोप्ट्याएर राखिएको छ ।

### देउवा अब देऊ बा !

वामपन्थी सरकार बन्ने भएपछि नेपाली काङ्ग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा सङ्कटको भूमरीमा धकेलिएका छन् । दिल्लीले आशिर्वादका लागि उठाइहने दाहिने हातको सङ्घमा यसपटक ढ्वे हात उठाएपछि देउवा धर्मसङ्कटमा पर्न गएका हुन् ।

कोइराला परिवारको विरासतमा चलेको काङ्ग्रेस देउवाको नेतृत्वमा आउँदा थप प्रजातान्त्रीकरण हुनेछ भन्ने जनसाधरणको अपेक्षा विपरित देउवा अब 'देऊ बा' मा परिणत हुन थालेका छन् । उनलाई तुरुन्त राजीनामा दिन दबाब बढेको छ, पार्टीभित्रैबाट ।

काङ्ग्रेसभित्र रहेको अमेरिकी लबीको नेतृत्व गर्ने भनिएका देउवासँग दिल्ली बेखुशी छ र नेतृत्व परिवर्तन गरी कोइराला खानदानलाई पुनः ल्याउने योजनामा रहेको चर्चा पनि कम छैन । आन्तरिक रूपमा चुनावको दुखद् परिणाम र बाह्य रूपमा दिल्लीको कोपभाजनमा परेका देउवा अब राजीनामा 'देऊ बा' मा परिणत हुन थालेका छन् ।

### गर्जने प्रचण्डको 'चें में'



'प्रधानमन्त्री को बन्ने ?' यो वाम गठबन्धनको पिरलो बनेको छ अहिले । नपाउँदा एक वाम एक ठाम, पाएपछि मैले खाम । कुरा टुलाकै सही । टुलाले पहिले खाने, त्यसपछिको पुरा सानाको भाग ।

घम्साघम्सी निकै छ । 'पछि आएर माझमा सुत्ने ?' 'भाग खानेलाई भन्दा जुठो खानेलाई हतार !' फेसबुकका वालहरू धेरै बोलिसकेका छन् यसबारे ।

'ओलीले बोली सम्हाल्नु पर्ने', 'प्रचण्ड साइजअनुसार गर्जने ठाउँमा म्याउँ गर्नुपर्ने' जस्ता प्रतिस्पर्धात्मक शब्दवाण पनि निरन्तर चलिरहेकै छन् ।

प्रचण्डको 'गो हेल एण्ड वि ह्वेल' को सूत्र काम नलाग्ने बनेपछि एमाले समर्थकहरूले प्रचण्डको 'चें में' गर्ने ठाउँ नरहेको सार्वजनिक गर्दै हिँड्न थालेका छन् ।



मंसिर २६ देखि पुस ३ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## कांग्रेसले 'ऐया' पनि भन्न पाएन

**मंसिर २६ गते ।** वामगठबन्धन भित्र पनि नियालेर हेर्दा अनेक छिद्रहरू देखापरेका छन् । ती छिद्रहरूमध्ये जीवनभर राजनीति गरेका सहयोद्धाहरूलाई बीचबाटैमा छाडेर पैसावाला र पाखुरीवालाहरूलाई साथ लिएर निर्वाचन जित्ने काम गरिएको पाइएको छ । यो चरित्र भनेको कांग्रेसी चरित्र हो । कसले कहाँ कसरी सहयोग गरेको थियो र विगतका आन्दोलनहरूमा को कति सक्रिय थियो, यस्ता कुरामा ध्यान नदिनुलाई अवसरवादी राजनीति भनिन्छ । छिटो भन्दा छिटो सुधार गरिएन भने पछि पछुताउनुपर्ने दिन नआउला भन्न सकिदैन ।

**मंसिर २७ गते ।** लोकतान्त्रिक गठबन्धनले रामचन्द्र पौडेललाई अन्तरघात गऱ्यो र वाममोर्चाले वामदेव गौतमलाई अन्तरघात गऱ्यो भन्ने समाचार आयो । ठूलै नेताको मुखबाट ठूलै कुरा आएपछि नपत्याउने कुरै भएन तर यो अन्तरघात कसरी हुन्छ ? यो पनि बताइदिए अर्को निर्वाचनमा अरुले पनि सिक्थे कि ? यस्तै घात र अन्तरघात भएन भने जित्नेले कसरी जित्छ र हार्नेले कसरी हार्छ ? यो पनि सिक्ने थिए, होइन र !

**मंसिर २८ गते ।** अन्तरघात त यसरी पो हुन्छ, ल पढ्नोस् काठमाडौँ एक र दुईमा कसरी अन्तरघात भयो ? काठमाडौं क्षेत्र नं. १ बाट गणेशमान पुत्र प्रकाशमान सिंह र क्षेत्र नं. २ बाट एमालेका ठूलै नेता माधव नेपाल विगतदेखि नै निर्वाचन जित्दै आएका छन् तर कसरी जितिरहेका रहेछन् ? यसको रहस्य बल्ल पो खुलेको छ । गोप्य रूपमा प्रकाशमानले काठमाडौं २ मा माधाव नेपाललाई सहयोग गर्दारहेछन् र १ मा माधव नेपालले प्रकाशमानलाई सहयोग गर्दारहेछन् । यस्तो कुरा कसरी पत्ता लगाइस् भन्नु होला । यसै क्षेत्रमध्ये एकका पुराना एमाले कार्यकर्तालाई साँझ एउटा भट्टीमा लगेर दुई ट्वाक सुरा पिलाइदिएको त इमान्दार कुकुरले मालिकको अगाडि पुच्छर हल्लाएर आदर गरेझैं सबै कुरा खोलिदिए । यस्ता नैतिक भ्रष्ट नेतालाई जनताले आफ्नो बहुमूल्य भोट दिएर के पाउलान् र खोइ ?

**मंसिर २९ गते ।** गत मंसिर १० र २१ भएको निर्वाचनको परिणाम आजसम्म आउँदा नेपाली कांग्रेसले 'ऐया' पनि भन्न नपाएर खुकुरीको चोटले छप्काई खाएको बलीको बोको जस्तै भएको छ । वाम गठबन्धनले ल्याएको दुईतिहाइ बहुमतले कस्तो नीति अवलम्बन गर्ने हो र जनताको मन जित्ने हो ? यदि निर्वाचनमा सार्वजनिक गरिएको घोषणाअनुसार काम भयो भने त राम्रै होला, अन्यथा निर्वाचनका लागि निर्वाचन मात्रै भयो भने फेरि काँग्रेसको थुतुनोकहाँ पुग्ला ?

**पुस १ गते ।** मार्क्सवाद भनेको अहिलेका केही धुपौरेहरूले गरेको व्याख्या जस्तो होइन । विश्व उनको पालामा जस्तो थियो त्यस्तै पनि छैन । एमाले र माकेले सत्ता चढ्नका लागि बनाइएको भऱ्याङभन्दा पनि फरक खालको मार्क्सवादलाई जनताको दैलोमा पुऱ्याउने शक्तिको अब आवश्यकता छ । बरु त्यस्तो व्यक्तिको खोजी गर्ने हो कि ? यो भोले बेलायती संस्कारले नेपाल र नेपालीको भलो गर्न सक्तैन ।

**पुस २ गते ।** संसार कै यो एउटा महत्वपूर्ण विषय हो, कुनै पार्टी वा व्यक्ति महत्वपूर्ण पदमा छ भने निर्वाचन हार्ने बित्तिकै राजीनामा दिने प्रचलन छ । नेपालमै पनि यो भन्दा अगाडि एमालेका तत्कालीन महासचिव माधवकुमार नेपालले पनि पदबाट राजीनामा दिएका थिए । स्वयं नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईले पनि ०४८ सालको निर्वाचन हार्दा राजीनामा दिएका थिए । नैतिकता नै नभएकाले पहिलो संविधानसभाको निर्वाचन हार्दा गिरिजाप्रसाद कोइरालाले भने निर्वाचन भएको तीन/तीन महिनासम्म राजीनामा नदिएर साँढेले भकारो ओगटेझैं प्रधानमन्त्री पदबाट हट्न आनाकानी गरेका थिए । अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आज यो समाचार तयार पार्दासम्म राजीनामा दिएका छैनन् । उल्टै संविधानमा नभएका प्रावधानहरू खोजेर सत्ता लम्ब्याउन खोजिरहेका छन् । संसदीय व्यवस्था भनेको यस्तै/यस्तै कामका लागि हो । कसैले आशा नगरे हुन्छ, नेपालमा संसदीय व्यवस्थाले सिन्को पनि भाँच्न सक्तैन ।

**पुस ३ गते ।** शेरबहादुर पत्नी आरजुले निर्वाचन अगाडि धनगढी बजारमा घर किनिन् । स्थानीय मतदाताले पर्यटक उम्मेदवार भनेर गिज्याएपछि उनले त्यो घर तीन करोडमा किनेकि हुन भन्दै हाम्रा सुदूरपश्चिम सम्वाददाता लेख्छन् । तर, घर किनेर आफू सुदूरपश्चिमको छोरी भन्दै हिँडे पनि मतदाताले पत्याएनन् । उनले निर्वाचनमा हार खानुपऱ्यो । यतिबेला स्थानीय बुद्धिजीवीहरूले यत्रो रकम कहाँबाट आयो ? सर्वसाधारणले ५० लाखभन्दा बढीको कारोवार गर्दा आयश्रोत देखाउनु पर्ने तर प्रधानमन्त्री पत्नीले जे गरे पनि हुने ? सानालाई ऐन ठूलालाई चैन भनेको यही त होइन ?

## प्रदेशहरूमा...

निर्वाचनको बारेमा समग्र ४ नं प्रदेशको रिपोर्टिङसँगै निर्वाचनको समिक्षा गरिएको छ । मतदाता, शुभचिन्तक, कार्यकर्ता लगायतका आम जनसमुदायलाई धन्यवाद दिँदै समापन गरिएको उक्त बैठकमा ४ नं प्रदेश इन्चार्ज क. श्याम, क. रामजी थापा, क. अनुकुल, क. निश्चलसहित देजमो ४ नं प्रदेश कमिटिका सबै सदस्यहरूको उपस्थिति रहेको थाह भएको छ । प्राप्त खबर अनुसार प्रदेश नं. ३ र ६ मा पनि समीक्षा बैठकहरू चलिरहेका छन् ।

जनयुद्ध लडेको नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछि बाँकी रहेको क्रान्तिको कार्यभार कसरी पूरा गर्ने भन्ने विषयमा वैचारिक तथा कार्यक्रमिक मतभेद भएपछि विभिन्न पार्टीहरूमा विभाजित भएकाहरूमध्ये मोहन वैद्य किरणको नेतृत्वमा रहेको नेकपा (क्रान्तिकारी माओवादी) को निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले चुनाव उपयोगको नीति अवलम्बन गरी यसरी अघि बढेको छ । उता पुष्पकमल दाहाल प्रचण्डको पार्टी नेकपा (माओवादी केन्द्र) भने एमालेसँग चुनावी गठबन्धन वा वाम गठबन्धन निर्माण गरी चुनाव सिद्धिए लगत्तै एमालेसँगै पार्टी एकताको लागि लागिपरिरहेको छ भने चुनाव वहिस्कार गरेको नेत्रविक्रम चन्दको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टीले पनि चुनाव वहिस्कारको समीक्षामा लागेको स्रोतले बताएको छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म



काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

